# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ०९ | काठमाडौं | शुक्रबार, १९ वैशाख २०८२ | Prabhab National Daily | Friday, May 02, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## बालुवाटारबाट टाढिँदै गगन



- सरकारको कामप्रति असन्तुष्टि जनाउँदै आएका कांग्रेस महामन्त्री गगन थापा पछिल्लो दुई महत्वपूर्ण बैठकमा उपस्थित नै भएनन्
- बिचौलियाको पहुँच प्रधामन्त्रीको बेडसम्म भन्ने गगनको अभिव्यक्तिले प्रधानमन्त्री केपी शर्मा ओली रूष्ट
- सर्वोच्च अदालतमा अदालतको अवहेलनासम्बन्धी परेको मुद्दाको सुनुवाईसँग गगन झनै मौन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकार सञ्चालनका लागि गठन भएको उच्चस्तरीय राजनीतिक संयन्त्रका सदस्यसमेत हुन् नेपाली कांग्रेसका महामन्त्री गगन थापा। तर सत्ता गठबन्धनसँग सम्बन्धित बैठकमा थापा पटकपटक अनुपस्थित छन्।

सरकारको कामप्रति असन्तुष्टि जनाउँदै आएका महामन्त्री थापा पछिल्लो दुई महत्वपूर्ण बैठकमा उपस्थित नै भएनन्। गगनले असन्तुष्टि जनाउँदै आएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले वैशाख ३ गते संयन्त्रको बैठक डाकेको थियो। उक्त बैठकअघि एमालेले वैशाख १ गते च्यासलस्थित पार्टी कार्यालयमा सचिवालय बैठक डाकी असहमतिका विषय संयन्त्रको बैठकमा राख्न सकिने भन्दै थापालाई सचेत पारेको थियो। बालुवाटारमा डाकेको बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवा, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र गृहमन्त्री रमेश लेखक उपस्थित भए।

नेपाली कांग्रेस र नेकपा एमाले सत्ता साझेदार दल हुन्। यद्यपि थापाले भने सरकारको कामप्रति असन्तुष्टि पोख्दै आएका छन्। चैत २६ गते गुल्मी पुगेर कांग्रेस महामन्त्री थापाले जनताले अपेक्षा गरेअनुसारको उपलब्धि सरकारले दिन नसकेको आरोप लगाँएका थिए। 'नागरिकमा असन्तुष्टि छ। असन्तुष्टि किन छ भने, २० वर्ष नागरिकले प्रतीक्षा गर्‍यो। २०६० सालदेखि २०८० साल भनेको २० वर्ष भयो। यो भित्रमा जति छिटो परिणाम आउनुपर्थ्यो। त्यो परिणाम आउन सकेन। नागरिकमा ठूलो बेचैनी र असन्तुष्टि देखिन्छ,' थापाको भनाई थियो।

वैशाख १ मा एमाले उपमहासचिवले संयन्त्रको बैठकमा राख्न सकिने विषय बाहिर राखेकोमा असन्तुष्टि पोखेका थिए। त्यसको भोलिपल्ट वैशाख २ गते गगन प्रधानमन्त्री ओलीप्रति झन् रुष्ट सुनिए। कारण गभर्नर नियुक्ती ढिलाइ। गगनले बिचौलियाको पहुँच प्रधानमन्त्रीको बेडरुमसम्म भएको आरोप लगाए। 'प्राइभेट सेक्टर र बिचौलिया भनेको फरक कुरा हो। हाम्रो इकोनोमिमा अहिले समस्या भएको भनेको बिचौलियाको कारणले हो। बिचौलियाहरूको पहुँच प्रधानमन्त्रीको बेडरुमसम्म हुने भयो,' वैशाख २ गते उनले भनेका थिए। कांग्रेसले गभर्नरमा आफू निकट उम्मेदवार गुणाकर भट्ट हुनुपर्ने भन्दै दबाब अघि बढाउँदै आएको छ। एमालेले भने कायममुकायम गभर्नर निलम ढुंगाना तिम्सिनालाई नै गभर्नर बनाउने चाहेको देखिन्छ। यही टसलमा महामन्त्री थापाले असन्तुष्टि पोखेको बताइन्छ।तर प्रधानमन्त्री ओलीले गगनको आरोप खण्डन गरेका छन्।


क्रमशः पृष्ठ २ मा


## ओली–दाहाल
# झुक्याउँदै एकअर्कालाई

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओली र विपक्षी नेता पुष्पकमल दाहाल भेटघाटै नगर्ने तहमा पुगेका छन्। जबकि, राष्ट्रिय महत्वका विषयमा छलफल गर्न प्रधानमन्त्री र विपक्षी नेताबीच संवाद हुने चलन छ, जुन हाल आएर तोडिएको छ। दुई नेता एकले अर्कालाई अस्वीकार गर्ने तहमा पुगेका छन्। यो बिहीबारको घटनाले पनि देखाउँछ।

सरकारको नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गर्ने पूर्वसन्ध्यामा प्रधानमन्त्री ओलीले दाहाललाई छलफलका लागि बोलाएका थिए। छलफलस्थल सुरुमा प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार थियो। पछि सिंहदरबार भनियो। ओलीका अर्का निम्तालु कांग्रेस सभापति शेरबहादुर देउवा थिए। देउवा नेतृत्वको कांग्रेस मुख्य सत्ता साझेदार दल हो।

तर ओलीले बोलाएको छलफलमा दाहाल गएनन्। ओली र सभापति देउवामात्रै छलफलमा भए। उनीहरू केहीबेर कुरा गरेर हिंडे।

यसअघि यही १२ वैशाखमा संसद्को बर्खे (बजेट) अधिवेशनको पहिलो बैठक बस्यो। संसद् अधिवेशनको पहिलो बैठकलाई प्रधानमन्त्रीले सम्बोधन गर्ने चलन छ। प्रधानमन्त्रीले सम्बोधन गर्ने भएपछि संसद्मा विपक्षी नेताको उपस्थिति अनिवार्य मानिन्छ। तर बजेट अधिवेशनको दिन दाहाल गोरखाको बारपाकमा थिए, जुन ठाउँमा १२ वैशाख २०७२ मा गएको शक्तिशाली भूकम्पको केन्द्र हो। त्यस दिन दाहाल बारपाकमै रहे।

दाहाल नआउने भएपछि प्रधानमन्त्री ओलीको संसद्मा सम्बोधन स्थगित भयो। तेस्रो तहका नेताहरूले संसद्को पहिलो बैठकलाई सम्बोधन गरे। यसको एक सातापछि प्रधानमन्त्री ओलीले बोलाएको बैठकमा दाहाल गएनन्। छलफलको चाँजोपाँजो गर्ने पूर्वकानुनमन्त्री भइसकेका एमाले नेता अग्नि खरेल हुन्, जो प्रधानमन्त्री ओलीका संक्रमणकालीन न्यायसम्बन्धिका सल्लाहकारको जिम्मेवारीमा छन्।



माओवादी सचिव लिलामणि पोखरेलका अनुसार प्रधानमन्त्री ओलीले झुक्याउन सक्ने हुनाले दाहाल छलफलमा नगएका हुन्। उनले प्रभावसँग भने, ' अस्ति टीआरसीका विषयमा छलफल गर्ने भनेर अध्यक्ष कमरेडलाई बोलाउनुभयो। छलफल भयो। लगत्तै कुलमान हटाउने निर्णय गरेछन्। त्यसपछि अध्यक्ष कमरेडमाथि टीआरसीसँग कुलमान साटेको आरोप लाग्यो। अहिले पनि त्यसरी नै झुक्याउन प्रधानमन्त्रीजीले सक्नुहुन्छ। त्यसबाट जोगिन उहाँ जानु भएन।'

ओली सरकारले कुलमान घिसिङलाई ११ चैतमा बर्खास्त गरेको थियो। उनी नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक थिए। उनलाई ऊर्जामन्त्री दीपक खड्कादेखि प्रधानमन्त्री ओलीसम्मले मन पराएका थिएनन्। त्यही भएर टीआरसीबारे छलफल गरेर निस्किँदा सोही दिनको मन्त्रिपरिषद् बैठकले कुलमानलाई बर्खास्त गर्ने निर्णय गरेको थियो। यसलाई दाहाल अहिले पनि धोका भन्दै आएका छन्।

उसो त २७ फागुन २०८१ मा प्रधानमन्त्री रहेका दाहालले संसद् बैठकलाई सम्बोधन गर्ने कार्यक्रम तय हुँदा तत्कालीन विपक्षी नेता ओली बैठकमा गएनन्। उनी कोशी प्रदेश संसद्लाई सम्बोधन गर्न गए। त्यसअघि १४ माघ २०८१ मै तत्कालीन प्रधानमन्त्री दाहालले संसद् बैठकलाई सम्बोधन गरेका थिए। त्यसबेला पनि ओली संसद् बैठक गएनन्। दाहालले त्यसदिन संसद्बाटै ओलीको आलोचना गरेका थिए।

३ भदौ २०८० मा पनि प्रधानमन्त्री रहेका दाहालले संसद्लाई सम्बोधन गर्ने तय हुँदा ओली अनुपस्थित थिए। उनी अनुपस्थित हुँदा संसद् बैठक नै दुई दिन पर सारिएको थियो। यसरी विगतमा ओलीले नै प्रधानमन्त्रीको हैसियतमा दाहालले संसद्मा गर्ने सम्बोधनमा सहभागी हुन अस्वीकार गरेका थिए।

दुई नेताबीच धोकाधडी र अस्वीकारको राजनीति पहिले पनि भएको थियो। १८ जेठ २०८१ मा प्रधानमन्त्री निवास बालुवाटारमा ओली-दाहाल संवाद भएको थियो।


क्रमशः पृष्ठ २ मा


> अस्ति टीआरसीका विषयमा छलफल गर्ने भनेर अध्यक्ष कमरेडलाई बोलाउनुभयो। छलफल भयो। लगत्तै कुलमान हटाउने निर्णय गरेछन्। त्यसपछि अध्यक्ष कमरेडमाथि टीआरसीसँग कुलमान साटेको आरोप लाग्यो। अहिले पनि त्यसरी नै झुक्याउन प्रधानमन्त्रीजीले सक्नुहुन्छ
>
> **लिलामणि पोखरेल**
> सचिव, माओवादी केन्द्र

> ओलीले प्रचण्डलाई झुक्याउने, प्रचण्डले ओलीलाई। राजनीतिमा यस्तो निकृष्ट खेल यी दुई नेताले अहिले मात्रै खेलेको होइन। पहिलेदेखि हो। फेरि दुवै इगो बोक्ने नेता हुन्। त्यही भएर देशलाई उभो लगाउन सकेनन्
>
> **लोकराज बराल**
> राजनीतिशास्त्री

**सन्दर्भः वैदेशिक रोजगार**

# स्वदेशमै रोजगार प्रवर्द्धन गर्न 'श्रम संसार' पोर्टल सञ्चालनमा

### श्रमिक, रोजगारदाता र तालिम प्रदायकलाई एउटै प्लाटफर्ममा जोड्ने लक्ष्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले 'श्रम संसार' नामको पोर्टल सञ्चालनमा ल्याएको छ। १३६औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसर पारेर उक्त पोर्टल सञ्चालनमा ल्याएको हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्माण गरेको पोर्टलको बिहीबार प्रधानमन्त्री केपी शर्मा ओलीले 'भर्चुअल' माध्यमबाट शुभारम्भ गरे।

उक्त पोर्टल सञ्चालनमा आएसँगै अब सरकारी, निजी क्षेत्रलाई कर्मचारी खोज्न र नागरिकलाई रोजगार पाउन सहज हुने मन्त्रालयको भनाइ छ। प्रधानमन्त्री ओलीले यो पोर्टलले रोजगारीमा आबद्ध हुन सहजीकरण गर्नुका साथै रोजगारदाताको नियमन र नागरिकमा श्रमको सम्मान गर्ने बानीको विकास हुने बताए। अब रोजगारदातालाई पनि योग्य जनशक्ति पाउन सहज हुने उनको भनाइ थियो। यसले श्रमिक, रोजगारदाता र रोजगार सेवाबीचको दूरी हटाउने विश्वास व्यक्त गरे। 'जब सीपमूलक जनशक्ति रोजगारीमा जोडिन्छ, समृद्ध नेपाल त्यतिबेला सम्भव हुन्छ। सुखी नेपाली त्यतिबेला सम्भव हुन्छ,' प्रधानमन्त्री ओलीले भने।




श्रममन्त्री शरतसिंह भण्डारीले यो पोर्टलले रोजगारदाता, तालिम प्रदायक संस्थादेखि रोजगारकर्तालाई जोडेको बताए। पोर्टल बनाएर सरकारको काम सकिएको नभइ सुरु भएको उनको भनाइ छ। 'मुलुकमा रोजगार छैन, त्यही भएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ। यहाँ भएका रोजगारी हुनेखानेले मात्र पाउँछन् भन्ने भाष्य चिर्न यो पोर्टलले सहयोग गर्छ,' उनले भने।

अब क्षमता छ भने जागिर पाउन कसैको ढोकामा कुर्न नपर्ने उनको दाबी रह्यो। हरेक वर्ष चार-पाँच लाख जनशक्ति श्रमबजारमा आउने तर सीप नभएका कारण रोजगारी नपाउने स्थिति रहेकाले आन्तरिक रोजगार दशकले नागरिकलाई सीपयुक्त बनाउँदै लैजाने मन्त्री भण्डारीले बताए। सीप प्रयोग गर्नुपर्ने क्षेत्रमा बाहिरबाट आएर काम गरिरहेकाहरूलाई विस्थापित गर्दै लैजाने लक्ष्य रहेको उनको भनाइ छ।

### के हो श्रम संसार पोर्टल ?

यो श्रम बजारसम्बन्धी सूचना प्रणाली श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्माण गरेको आधिकारिक सूचना प्रवाह गर्ने सामाजिक सञ्जाल हो। मन्त्रालयका अनुसार श्रम संसार राष्ट्रिय श्रमबजारमा रहेका रोजगारी, तालिम तथा उद्यमशीलताका अवसरको सूचना सहजै उपलब्ध गराउने उद्देश्यका साथ निर्माण गरिएको एक सूचना प्रणाली हो।

यस प्रणालीमा तीनै तहका सरकार, रोजगार खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक, स्वरोजगार, तथा श्रमबजारका अन्य सरोकार भएका निकायसमेत आबद्ध रहने भएकाले श्रमबजारसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी प्राप्त गर्न सकिने छ।

यस पोर्टल संघ तथा प्रदेश सरकारको समन्वयमा हरेक स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत सञ्चालन हुने छ।


क्रमशः पृष्ठ २ मा



जनहितमा जारी सन्देश



## पृष्ठ १ बाट क्रमशः

### ओली...

त्यो संवाद अघिल्लो दिन क्याप्टेन रामेश्वर थापाको घरमा देउवा-ओलीबीच गठबन्धन गरेर सरकार बनाउने लगायतका सात बुँदे समझदारीपछि भएको थियो । त्यहाँ ओलीले आफूलाई 'स्वर्ग पनि सँगै जाने, नर्क पनि सँगै जाने' भनेर विश्वस्त तुल्याएको बताएका थिए । यसपछि दाहालले ओलीलाई झुट बोल्ने नेता भन्ने गरेका छन् ।

राजनीतिशास्त्री लोकराज बराल भने दुई नेतामा तौलिँदा कोही तलमाथि नरहेको बताउँछन् । 'ओलीले प्रचण्डलाई कहिले झुक्याउने र कहिले प्रचण्डले ओलीलाई झुक्याउने । राजनीतिमा यस्तो निकृष्ट खेल यी दुई नेताले अहिले मात्रै खेलेको होइन । पहिलेदेखि हो,' उनले भने, 'फेरि दुवै इगो बोक्ने नेता हुन् । त्यही भएर देशलाई उभो लगाउन सकेनन् ।'

■■■

### बालुवाटारबाट...

आइतबार मदन भण्डारी फाउन्डेसनको चौथो राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले उक्त आरोप पुष्टि गर्नसमेत चुनौति दिए । 'कोही यसरी धतुल्याएर बोल्छन्, प्रधानमन्त्रीको बेडरुमसम्म नै बिचौलिया पुगेका छन् । दया लाग्छ तिनको त्यस्ता शब्दहरू सुन्दा दया लाग्छ । के बोलेको त्यो .. त्यस्ता कुराहरू प्रमाणित गर्न सक्छ ? तर बोलेका छन् । त्यस कुरालाई हतियार बनाएर त्यस कुरालाई उद्धरण गरेर विभिन्न प्रतिगामी शक्तिहरू त्यसैलाई लिएर उफ्रिएका छन् ।' त्यसपछि बुधबार सत्ता गठबन्धन दलको बैठक बस्यो । उक्त बैठकमा पनि गगन देखिएनन् ।

सरकारको आगामी नीति तथा कार्यक्रमबारे छलफलका लागि डाकेको बैठकमा गगन नदेखिएसँगै कतै सत्तारुढ दलमै खटपट भएको हो कि भन्ने प्रश्न पनि उठेको छ । यद्यपि वैशाख ४ गते बसेको बैठकमै गगनको शैलीप्रति कांग्रेस पदाधिकारीले रोष पोखेका थिए । सरकारमै बस्ने र सरकारको काम गराईप्रति तीव्र आलोचना गर्नु ठिक नहुने सुझाव गगनलाई अधिकांश पदाधिकारीले दिएका थिए । त्यसपछि बैठकमा गगन मौन बसेका थिए । विभिन्न नियुक्ती र सरकारबाट हुने निर्णयहरूमा अहिले देउवाले महामन्त्री थापा र गृहमन्त्री लेखकलाई जिम्मेवारी दिँदै आएका छन् । पछिल्ला दिन यी भूमिकामा पनि थापा देखिएका छैनन् ।

सर्वोच्च अदालतप्रति अशोभनीय अभिव्यक्ति दिएकै कारण अहिले गगन मौन रहेको उनीनिकट नेताहरू बताउँछन् । लोकतन्त्र दिवसमा थापाले सर्वोच्च अदालतले न्याय सम्पादनमा ढिलाई गरेको अभिव्यक्ति दिएका थिए । त्यसपछि उनीविरुद्ध अदालतको अपहेलना मुद्दा दायर भएको थियो । उक्त मुद्दामा मंगलबार अन्तिम आदेश दिँदै कायममुकायम प्रधानन्यायाधीश सपना मल्ल प्रधान र न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले थापासँग लिखित जवाफ माग्ने आदेश गरेको हो । यसअनुसार गगनले अबको केही दिनमै आफूले बोलेको अभिव्यक्तिको जवाफ दिनुपर्नेछ । कांग्रेसका हाइप्रोफाइलमा भएको व्यक्तिले यस्तो अशोभनीय अभिव्यक्ति दिनु नहुने कांग्रेस निकट कानुन व्यवसायीहरू बताउँछन् । यसबारे उनीनिकट कानुन व्यवसायीहरूसमेत मौन छन् । पछिल्ला टसल र विवादका कारण गगन गठबन्धनका बैठकहरूमा उपस्थित हुन नसकेको कांग्रेसका एक पदाधिकारीले दाबी गरे ।

■■■

### के हो श्रम...

यसको प्रयोगले देशभर रहेका रोजगारीका अवसरबारे जानकारी लिइ सहजै आवेदन दिन सकिने मन्त्रालयले जानकारी दिएको छ । सीपमूलक तालिमबारे जानकारी लिन तथा सजिलै आवेदन दिन सकिने र स्वरोजगारसमेतले यस पोर्टलमार्फत आफ्नो सीपको विज्ञापन गर्न सक्छन् ।

पोर्टलमा निःशुल्क दर्ता तथा सञ्चालन गर्न सकिन्छ । श्रमबजार सम्बन्धित नीति, नियम तथा जानकारी पोर्टलमा उपलब्ध हुने छ । मन्त्रालयले यसको सहज पहुँचका लागि यही वैशाखभित्र 'आइओएस' र 'एन्ड्रोइड' दुवैमा उपलब्ध मोबाइल एप्स्को सुरुआत गर्ने जनाएको छ ।

पोर्टल सञ्चालन, अन्तरतह समन्वय तथा निजी क्षेत्रको आबद्धता सुनिश्चित गर्न आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध मिलाउने विषयमा भएका आगामी योजनाबारे पनि मन्त्रालयले जानकारी दिएको छ । यसअघि सन् २०२३ मा कोशी प्रदेशमा विकास गरी प्रारम्भिकरूपमा विराटनगर, इटहरी र दुहबी नगरपालिकामा परीक्षण गरिएको थियो ।

छोटो समयमा उल्लेखनीय सफलता हासिल गरेको भन्दै कोशी प्रदेशका १३७ वटै स्थानीय तह यस प्रणालीमा आबद्ध भएका थिए । देशभरका ७५३ वटै स्थानीय तहलाई श्रमसंसार पोर्टमा समेट्न मन्त्री भण्डारीको अग्रसरतामा प्राविधिक समितिले काम गरेको थियो ।

# मछिन्द्रनाथको रथयात्रा सुरु

**ललितपुर (प्रस)–** वर्षा र सहकालका देवता रातो मछिन्द्रनाथको रथयात्रा बिहीबारदेखि सुरु भएको छ । रथ बिहीबार पुल्चोकबाट सुरु भएर गावहाल पुर्‍याइएको छ ।

रातो मछिन्द्रनाथसँगै मीननाथको रथलाईसमेत गावहाल पुर्‍याइएको छ । पुल्चोकमा रातो मछिन्द्रनाथको रथ बनाउँदै गर्दा पाटनको टंगालमा मिननाथको रथ निर्माण गरिने प्रचलन छ । रथयात्राअगावै मिननाथको रथलाई आजै पुल्चोक ल्याइएको थियो ।

यही वैशाख १५ गते सोमबार रातो मछिन्द्रनाथको मूर्तिलाई पुल्चोकमा रथारोहणका गरेसँगै नेपालको सबैभन्दा लामो जात्रा मानिने यो जात्रा सुरु भएको थियो । रातो मछिन्द्रनाथको मूर्ति मच्छिन्द्रवहालस्थित मन्दिरबाट बोकेर रथारोहण गरेपछि उक्त जात्रा विधिवत् रूपमा सुरु भएको थियो । रथयात्रा आरम्भ भएपछि नगरका विभिन्न ठाउँ गावहाल, मंगलबजार, सुन्धारा, लगनखेल हुँदै जावलाखेलमा लगेर भोटो देखाइ समापन गर्ने गरिन्छ ।

यो जात्रा काठमाडौं उपत्यकाको सबैभन्दा प्रसिद्ध जात्रा पनि हो । करिब एक हजार ६०० वर्षअघि सुरु भएको मछिन्द्रनाथको रथ जात्रा वैशाख शुक्ल प्रतिपदामा सुरू भएर असार शुक्ल चौथीसम्म करिब दुई महिना चल्छ ।

रथयात्राको अवलोकन गर्न ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनको निमन्त्रणामा नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधि र विभिन्न देशका राजदूतहरू, अन्तरराष्ट्रिय विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधि ललितपुर पुगेका थिए ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. ११४९६३/०७०/०७१** को **ओडिसि ल्याङ्वोज इन्ष्टिच्यूट प्रा.लि.** को मिति २०८२/०१/१८ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस **नाम्चे खानेपानी कम्पनी लिमिटेड** (दर्ता नं. १११३/०६५/०६६) को मिति २०८२/०१/१८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीको वार्षिक साधारणसभा निम्न मिति समय र स्थानमा हुने भएकोले उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**मिति : २०८२/०२/०६ मंगलबार**
**समय : दिनको १:०० बजे**
**स्थान : कम्पनीको रजिष्ट्रारको कार्यालय**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०८/२३ मा दर्ता भएको **प्रा.लि. नं. २०४०४६** को **कलश हस्पिटालिटी म्यानेजमेन्ट ग्रुप प्रा.लि.** को मिति २०८२/०१/१८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०९/२७ मा दर्ता भएको **प्रा.लि. नं. २३२३९३/०७६/०७७** को **ग्रिन लिफ नेपाल ट्रेडर्स प्रा.लि.** को मिति २०८२/०१/१८ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/१०/०७ मा दर्ता भएको **प्रा.लि. नं. ६९८७६** को **शंखधर इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.** को मिति २०८२/०१/१८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

## साउदी/कुवेतमा रोजगार

कम्पनी : SAS AL ARAB COMANY

पूर्व स्वीकृति मिति : २०८०/०९/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ LT. No. 296969 चलानी नं.६०२१२०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 14 | 0 | 1000 | ३६,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Noha Day Care Company

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ LT. No. 312830 चलानी नं.६०२२७३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Teacher | 0 | 27 | 180 | ७९,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २६ गते (9th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## कुवेतमा रोजगार

कम्पनी : GULF INSPECTION INTERNATIONAL COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ LT. No. 317911 चलानी नं. ६०२३२१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asphalt Worker | 10 | 0 | 200 | ८८,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 13 | 0 | 95 | ४२,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २६ गते (9th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## युएइ/कुवेत/साउदीमा रोजगार

कम्पनी : ASEER TIME AL KUWAIT RESTAURANT - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ LT. No. 317366 चलानी नं.६०२३१६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Makers | 7 | 0 | 1300 | ४७,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 3 | 0 | 1300 | ४७,९९५ | | | | | | | |
| 3 | Male Cleaner | 10 | 0 | 800 | २९,५३५ | | | | | | | |

कम्पनी : FATTOUSH AL-QURAIN FOOD SUPPLES COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१०/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ LT. No. 299382 चलानी नं.६०२१४३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Chef | 5 | 0 | 150 | ६६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 5 | 0 | 120 | ५३,१२० | | | | | | | |
| 3 | Chef / Cook | 5 | 0 | 150 | ६६,४०० | | | | | | | |
| 4 | Helper / Cleaner | 25 | 0 | 90 | ३९,८४० | | | | | | | |
| 5 | Juice Maker | 5 | 0 | 120 | ५३,१२० | | | | | | | |
| 6 | Waiter | 8 | 0 | 120 | ५३,१२० | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD

पूर्व स्वीकृति मिति : २०८१/०४/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ LT. No. 308868 चलानी नं. ६०२२३४९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Insulation Technician | 14 | 0 | 1200 | ४३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २६ गते (9th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## कुवेतमा रोजगार

कम्पनी : QARRI NAIL SPA SALON

पूर्व स्वीकृति मिति : २०८०/०३/१२ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ LT. No. 288629 चलानी नं. ६०२०३९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE / PEDICURE / HAIRDRESSER / BEAUTICIAN / N | 0 | 6 | 150 | ६६,४०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : OMEGA INTERNATIONAL HUMAN RESOURCES DEVELOPMENT CONULTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/३० पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ LT. No. 304602 चलानी नं. ६०२१९३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASS COUNSELLOR / ADMIN ASS / RECEPTIONIST | 2 | 2 | 150 | ६६,४०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २६ गते (9th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, १९ वैशाख, २०८२

| | |
|---|---|
| मेष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| धनु | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।सुखद |
| कुम्भ | समाचारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ वैशाख, २०८२ (०२, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.१३ | १३६.७३ |
| युरो | १ को | १५४.९४ | १५५.६३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८२.२५ | १८३.०५ |
| स्विस फ्रैन्क | १ को | १६४.९९ | १६५.७१ |
| अस्ट्रेलियन डलर | १ को | ८७.१२ | ८७.५१ |
| क्यानाडियन डलर | १ को | ९८.३० | ९८.७३ |
| सिङ्गापुर डलर | १ को | १०३.९२ | १०४.३८ |
| जापानी येन | १० को | ९.५५ | ९.५९ |
| चिनियाँ युआन | १ को | १८.७२ | १८.८० |
| साउदी अरब रियाल | १ को | ३६.२९ | ३६.४५ |
| कतारी रियाल | १ को | ३७.३५ | ३७.५१ |
| थाई भाट | १ को | ४.०७ | ४.०९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०६ | ३७.२२ |
| मलेसियन रिङेट | १ को | ३१.४६ | ३१.६० |
| दक्षिण कोरियन वन | १०० को | ९.४८ | ९.५२ |
| स्विडिस क्रोनर | १ को | १४.१२ | १४.१८ |
| डेनिस क्रोनर | १ को | २०.७६ | २०.८५ |
| हङकङ डलर | १ को | १७.५५ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४४.५५ | ४४६.५१ |
| बहराइन दिनार | १ को | ३६१.१२ | ३६२.७१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# मुक्तिनाथमा लेक लागेका तिर्थालुलाई निःशुल्क उपचार

**मुस्ताङ (प्रस)–** हिन्दू तथा बौद्धमार्गीहरूको साझा धार्मिक तिर्थस्थल मुक्तिनाथ मन्दिरमा लेक लागेका बिरामीलाई निःशुल्क स्वास्थ्योपचारको व्यवस्था गरिएको छ । यहाँस्थित प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सहयोगमा मुक्तिनाथ मन्दिरमा लागेर बिरामी परेका धार्मिक पर्यटकलाई निःशुल्क स्वास्थ्योपचार सेवाको व्यवस्था गरिएको हो ।

समूद्री सतहको करिब तीन हजार ८०० मिटरको अग्लो उचाइमा अवस्थित मुस्ताङको मुक्तिनाथमा दर्शन गर्न पुग्ने कतिपय धार्मिक तिर्थालु पर्यटकलाई लेक लाग्ने समस्या हुन्छ । मुक्तिनाथमा लेक लागेर बिरामी हुने धार्मिक तिर्थालुलाई छिटोछरितो आपत्कालीन प्रारम्भिक उपचारको व्यवस्थापन गर्न प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सहकार्यमा मुक्तिनाथ मन्दिर परिसरमा 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर' स्थापना गरिएको गाउँपालिकाका स्वास्थ्य संयोजक खगेन्द्र बोहोरले जानकारी दिए ।

प्रदेश अस्पतालले जनशक्ति व्यवस्थापन र अक्सिजनको व्यवस्था गरेको तथा गाउँपालिकाले व्यवथापन एवं औषधिलगायतमा सहयोग गर्दै आइरहेको स्वास्थ्य संयोजक बोहोराले बताए। मुक्तिनाथस्थित 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर'मा प्रदेश अस्पताल जोमसोमले दुई हेल्थ असिस्टेन्ट करारमा खटाएको छ । अस्पतालले ट्रिटमेन्ट सेन्टरका लागि आवश्यकताअनुसार अक्सिजनको व्यवस्था गरेको छ ।

लेक लाग्ने बिरामीको उपचार सेवाका लागि हेल्थ असिस्टेन्ट सरोज घर्तीमगर र विकास ठाकुर २४सै घण्टा बिरामीको सेवामा खटिएका छन् । हाइ अल्टिच्युड ट्रिटमेन्ट सेन्टरमा कार्यरत हेल्थ असिस्टेन्ट घर्तीमगरले लेक लागेका बिरामीलाई उपचार सेवा पुऱ्याउन तीन वटा शयचा र तीन अक्सिजन सिलिण्डर तयारी अवस्थामा राखिएको जानकारी दिए । उनका अनुसार दुई शयचा र दुई सिलिण्डर मन्दिरको केही पर व्यवस्थापन भएको तथा एक शयचा र एक सिलिण्डरको व्यवस्था मन्दिर परिसर नजिकै राखेर सेवा दिने गरिएको छ ।

मुक्तिनाथ मन्दिर परिसरमा 'हाइ अल्टिच्युड ट्रिटमेन्ट सेन्टर' स्थापना भएदेखि हालसम्म करिब दुई हजार बढीले सेवा प्राप्त गरेको हेल्थ असिस्टेन्ट घर्तीमगरले बताए । उनका अनुसार चैतमा मात्रै १७९ जना लेक लागेका बिरामीले हाइ अल्टिच्युड ट्रिटमेन्ट सेवाबाट स्वास्थ्य लाभ प्राप्त गरिसकेका छन् ।



समूद्री सतहको करिब तीन हजार ८०० मिटरको अग्लो उचाइमा अवस्थित मुस्ताङको मुक्तिनाथमा दर्शन गर्न पुग्ने कतिपय धार्मिक तिर्थालु पर्यटकलाई लेक लाग्ने समस्या हुन्छ । मुक्तिनाथमा लेक लागेर बिरामी हुने धार्मिक तिर्थालुलाई छिटोछरितो आपत्कालीन प्रारम्भिक उपचारको व्यवस्थापन गर्न प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सहकार्यमा मुक्तिनाथ मन्दिर परिसरमा 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर' स्थापना गरिएको गाउँपालिकाका स्वास्थ्य संयोजकले जानकारी दिए ।

मुक्तिनाथमा धार्मिक तिर्थालुका लागि स्थापना गरिएको ट्रिटमेन्ट सेन्टरको प्रारम्भिक कक्ष साँघुरो हुँदा बिरामीको उपचारमा केही असहज भएको देखिएको छ । यसका लागि मन्दिर परिसर नजिकै सुविधायुक्त हाइ अल्टिच्युड पूर्वाधार भवनको व्यवस्था आवश्यकता रहेको छ । मुक्तिनाथमा लेक लागेका बिरामीलाई प्राथमिक उपचार गरेपछि जोमसोमस्थित प्रदेश अस्पतालमा रिफर गर्ने गरिएको अर्का हेल्थ असिस्टेन्ट ठाकुरले बताए । मुक्तिनाथमा ४५ देखि ९४ वर्ष उमेरका ज्येष्ठ नागरिकलाई लेक लाग्ने समस्याको उपचार प्रदान गरिसकेको ठाकुरको भनाइ छ ।

समद्री सतहको कम उचाइबाट उच्च स्थानमा विश्राम नलिइ आउने धार्मिक तिर्थालुलाई लेक लाग्ने समस्या बढी हुने गरेको छ । दीर्घ रोगका बिरामी र शारीरिक रूपले कमजोर तथा उमेर कटेका ज्येष्ठ नागरिकलाई मुक्तिनाथमा दर्शन गर्न आउँदा लेक लाग्ने समस्या बढी हुने गर्छ । उच्च स्थानमा पुग्दा अक्सिजनको मात्रा कम हुँदा देखिने समस्यालाई लेक लागेको भन्ने गरिन्छ। लेक लागेका बिरामीलाई वान्ता हुने, रिंगटा लाग्ने, टाउको दुख्ने, श्वासप्रश्वासमा समस्या हुने, शरीर भारी हुने र अल्छि लाग्नेजस्ता लक्षण देखिने गर्छन् ।

उच्च स्थानको मुक्तिनाथमा जाने धार्मिक तिर्थालु कुन ठाउँबाट कसरी आइपुगेको हो लेक लाग्ने समस्या त्यसैमा निर्भर हुन्छ । मुस्ताङमा कम उचाइको स्थानबाट आउने भारतीय पर्यटकलाई बढी मात्रामा लेक लाग्ने समस्या देखिने गरेको पाइएको छ । यसैगरी मुक्तिनाथमा गएर खाली पेटमा १०८ धाराको पानी सेचन गर्ने, चिसो कुण्डमा डुबुल्की मार्ने र खाली पेटमै दर्शन गर्ने गर्दा शरीरले तापक्रम व्यवस्थापन गर्न नसक्दा धार्मिक तिर्थालुलाई लेक लाग्ने समस्या देखिने गरेको स्थानीय बताउँछन् ।

जिल्ला प्रहरी कार्यालयले मुक्तिनाथ आउने धार्मिक पर्यटकलाई लेक लाग्ने समस्याका बारेमा सचेतनामूलक अभियान नै सञ्चालन गरेको छ । 'सवारी चालकसँग एक मिनेट र यात्रुसँग दुई मिनेट' अभियान सञ्चालन गरेर धार्मिक तिर्थयात्रीलाई लेक लाग्ने समस्याका बारेमा जानकारी दिने र लेक लाग्ने समस्याका बारेमा पर्चा, पम्प्लेट र ब्रोसर वितरण गर्ने अभियान सञ्चालन भइरहेको छ ।

मुस्ताङ भ्रमण गर्ने पर्यटकलाई लेक लाग्ने जाखिमबाट जोगाउन म्याग्दी र मुस्ताङको सिमावर्ती क्षेत्र घाँसामा लेक लाग्ने समस्याका विषयमा सूचनामूलक होर्डिङ बोर्ड राखिएको छ । घाँसामा रहेका सुरक्षाकर्मीलेसमेत लेक लाग्ने समस्याका बारेमा धार्मिक तिर्थालुलाई जानकारी दिने गरेका छन् । मुस्ताङमा बर्सेनि दुई दर्जनभन्दा बढी धार्मिक तिर्थालुको लेक लाग्ने समस्याबाट मृत्यु हुने गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिए । त्यसमध्ये मृत्यु हुनेमा सबैभन्दा बढी भारतीय पर्यटक रहेको प्रहरी निरीक्षक अधिकारीले उल्लेख गरे ।

# औपचारिकतामा सीमित श्रमिक दिवस

■ प्रभाव संवाददाता

**काठमाडौं–** १३६औं अन्तर्राष्ट्रिय श्रमिक दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । दिवसका अवसरमा श्रममन्त्रीदेखि राष्ट्रपतिसम्मले शुभकामना व्यक्त गरे । विभिन्न संघसंस्थाले कार्यक्रम गर्दै स्वदेश तथा विदेशमा रहेका श्रमिकको हक हितको विषय उठाए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले शुभकामना सन्देशमार्फत वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गर्न घोषणा गरिएको आन्तरिक रोजगार प्रवर्दन दशकको कार्ययोजना अन्तिम चरणमा पुगेको बताएका छन् । श्रम ऐन वैदेशिक रोजगार ऐन लगायतको संसोधनको काम पनि भइरहेको उनको भनाइ छ । वैदेशिक रोजगारीबाट फर्किएकाको सीप र पुँजीको उपयोग गर्दै 'स्किल्ड नेपाल, सीपयुक्त नेपाली'को अवधारणाअनुरूप अघि बढ्ने श्रम मन्त्रालयले जनाएको छ ।

श्रमिक दिवसका कार्यक्रम औपचारिकतामा सीमित देखिन्छन् । मुलुकमा रोजगारीको अवसर सिर्जना गर्न तथा श्रमिकको अधिकार स्थापित गर्न अझै सरकार चुकिरहेको अवस्था छ । स्वदेशमा रोजगारी नपाउँदा नेपाली श्रमिक विदेसिन बाध्य छन् । अहिले ५० लाखभन्दा बढी वैदेशिक रोजगारीमा रहेको अनुमान छ । वैदेशिक रोजगारीमा गएकामध्ये ८० प्रतिशतभन्दा बढी श्रमिक खाडी मुलुक र मलेसियामा छन् । गत आर्थिक वर्षमा सात लाख ४१ हजार २९७ जना व्यक्तिगत, संस्थागत र पुनः श्रम स्वीकृति लिएर रोजगारीमा गएका थिए । जसमध्ये खाडी मुलुक र मलेसिया जानेको संख्या छ लाख १८ हजार ३२० थियो । सस्तो लागतमा जान सकिने हुँदा अधिकांश न्यून आय भएकाहरू खाडी जानुपर्ने बाध्यतामा छन् । निकै सस्तोमा श्रमिक लैजाने ती मुलुकहरूमा श्रमिकका अधिकार बढी हनन भएको पाइन्छ । ४० डिग्रीमाथिको तापक्रममा भेडाबाख्रालाई लगाए जसरी काम लगाइँदा यहाँबाट जाने श्रमिकहरू रोगी भएर फर्किन बाध्य छन् ।

श्रमिक ल्याएपछि जसरी हुन्छ काम लगाउनुपर्छ भन्ने मानसिकता खाडी मुलुकका रोजगारदातामा रहेको पाइन्छ । श्रमिकहरूमा देखिने स्वास्थ्य समस्याका विषयमा उनीहरू गम्भीर भएको सुन्नमा आएको छैन । यहाँबाट लगेका नेपालीलाई आठघण्टा भन्दा बढी श्रममा लगाउने, बिमा नगरिदिने, गुणस्तरीय खानपान नदिएका घटनाहरू बेलाबेलामा आइरहन्छन् । एउटा काम भनेर अर्कै काममा लगाउने, श्रमिकसँग सम्मानपूर्वक व्यवहार नगर्नेजस्ता अनुभवहरू खाडीबाट फर्किनेहरूले सुनाउने गरेका छन् ।

यसको पछिल्लो उदाहरणका रूपमा मलेसियालाई लिन सकिन्छ । करिब एक महिनाअघि मलेसियामा गएका सुरक्षा गार्डले न्यूनतम तलब र सेवासुविधा नपाएको विषय सतहमा आएको थियो । दिनको १२ घण्टा, महिनाको ३० दिन काम लगाएर पनि न्यूनतम १७ सय रिंगिट नदिएको गुनासो त्यहाँका श्रमिकहरूले सामाजिक सञ्जालभरि गरेका थिए । बिरामी हुँदा उपचार नगरिदिने, टिनले बारेको घरमा जस्ता समस्या झेल्नुपरेको त्यहाँ कार्यरत श्रमिकहरूले बताएका थिए । रोजगारीमा जाने श्रमिकहरू विदेशमा मात्र नभइ स्वदेशबाटै विभिन्न खाले दबाबमा पर्ने गरेका छन् । विदेश जाँदा लाग्ने सेवाशुल्क पारदर्शी नहुँदा म्यानपावर नै पिच्छे मनलाग्दी शुल्कको मारमा सोझासाझा श्रमिकहरू पर्ने गरेका छन् । म्यानपावर कम्पनीले नौ लाख रूपैयाँसम्म लिएर २८ हजार तलबमा खाडी पठाएको घटना केही वर्षअघि सरकारकै अध्ययनले देखाएको थियो । विदेशको प्रक्रिया थाल्दा विभिन्न निकायमा बिचौलियाले दिने झण्झटदेखि ऋणको भारले श्रमिक मानसिक दबाबमा हुन्छन् । सहज प्रक्रियाबाट स्वस्थ काम गर्ने वातावरणबाट अधिकांश श्रमिक वञ्चित छन् ।

संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक प्रदान गरेको छ । तर मुलुकमा अवसर नपाएर विदेश जानुपर्ने बाध्यता रहेका श्रमिकहरू त्यहाँ पनि विभिन्न खाले शोषणमा पर्दै आएका छन् । सन् १८८६ मे १ मा अमेरिकाको सिकागोमा 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन, आठ घण्टा आराम' नारासहित भएको आन्दोलनको सम्झनामा दिवस मनाइन्छ । तर मजदुर आन्दोलनको मर्मविपरीत अहिले पनि श्रमिकहरू आफ्नो अधिकारबाट वञ्चित छन् ।


## कुवेतमा रोजगार

कम्पनी : Khalid Ali AlKharafi & Bros Co. for Construction & Contracting K.S.C.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१८ | LT. No. 318229 | चलानी नं. ६०२३२५६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CNC router machine operator | 2 | 0 | 180 | ७९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 180 | ७९,६८० | | | | | | | |
| 3 | Erector | 15 | 0 | 140 | ६१,९७५ | | | | | | | |
| 4 | Fabricator | 20 | 0 | 140 | ६१,९७५ | | | | | | | |
| 5 | Facbrication Foreman | 4 | 0 | 280 | १२३,९४० | | | | | | | |
| 6 | Labour | 15 | 0 | 95 | ४२,०५५ | | | | | | | |
| 7 | Land Seveyor | 3 | 0 | 500 | २२१,३४० | | | | | | | |
| 8 | Safety Officer | 3 | 0 | 380 | १६८,२१५ | | | | | | | |
| 9 | Steel Fitter | 20 | 0 | 140 | ६१,९७५ | | | | | | | |
| 10 | Welder | 15 | 0 | 110 | ४८,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २६ गते (9th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०१/१९ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

### पुरानो पर्सा, चितवन शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय भतपुर, चितवनमा मिति २०६७/११/२६ मा प्रा.फ.न. ७६३/२०६७/६८ कायम भई दर्ता रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स./न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **सबिन मिट सप्लायर्स ।** **प्रोप्राइटर सबिन खड्गी ।** | १. धनि कुमारी बैक लि. र ऋणी **सबिन मिट सप्लार्यस** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. MEXL20600MT111979, ई.नं. CHYM67574, सवारी नं. प्रदेश ३- ०१-०२४ च ४३५८ को Volkswagen Polo 1.0 CL MPI थान १ । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **सबिन खड्गी**<br>ना.प्र.नं.- ३५२४००/०६३<br>जारी मिति - २०६३/०४/१४, जि.प्र.का.- चितवन<br>बाबु - उतम खड्गी<br>बाजे - सन्त लाल खड्गी<br>स्थायी ठेगाना- चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ०५ (साविक भण्डारा गा.वि.स. वडा नं.०१<br>हालको ठेगाना- ऐ.ऐ. | २. **सम्झना महर्जन खड्गी**<br>ना.प्र.नं.- ३५-०१-७०-०१६३०<br>जारी मिति - २०७०/१०/२१, जि.प्र.का.- चितवन<br>बाबु - श्याम महर्जन<br>ससुरा- उतम खड्गी<br>स्थायी ठेगाना- चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ०५ (साविक भण्डारा गा.वि.स. वडा नं.०१<br>हालको ठेगाना- ऐ.ऐ. |

### गोल्फुटार शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा मिति २०७८/१२/१६ मा दर्ता नं. २८८०३५/०७८/०७९ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **आव्हान एग्रो एण्ड ट्रेडिङ्ग प्रा.लि. ।** **सञ्चालकहरू - शंजू श्रेष्ठ र कमल प्रसाद शर्मा** | १. **केशव प्रसाद शर्मा**को नाममा मालपोत कार्यालय, भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ४५६ र ४५७ को क्षे.फ. क्रमश ०-९-०-१ र ०-१०-०-१ (रोपनी) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।<br>२. **आव्हान एग्रो एण्ड ट्रेडिङ्ग प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **अनिल कुमार श्रेष्ठ**<br>ना.प्र.नं.- २७ ४१९०/१२०<br>जारी मिति - २०४०/०८/०६ जि.प्र.का. काठमाण्डौ<br>बाबु - अमृत लाल श्रेष्ठ<br>बाजे - कुन्ज लाल श्रेष्ठ<br>स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ७<br>हालको ठेगाना- ऐ.ऐ<br>२. **शंजू श्रेष्ठ**<br>ना.प्र.नं.- २७ १०६०/४८२७३<br>जारी मिति - २०६६/०८/०१ जि.प्र.का. काठमाण्डौ<br>बाबु - शिव भक्त राजलवट<br>बाजे - तुलसी भक्त राजलवट<br>स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ७<br>हालको ठेगाना- ऐ.ऐ. | ३. **केशव प्रसाद शर्मा**<br>ना.प्र.नं.- १०६८१<br>जारी मिति - २०५९/११/२० जि.प्र.का. भक्तपुर<br>बाबु - पदम प्रसाद शर्मा<br>बाजे - खडानन्द प्रसाद शर्मा<br>स्थायी ठेगाना- भक्तपुर जिल्ला, चाँगुनारायण न.पा वडा नं ०८ (साबिक सुडाल गा.वि.स/न.पा वडा नं ०६)<br>४. **कमल प्रसाद शर्मा**<br>ना.प्र.नं.- २९-०१-७२-००६४१<br>जारी मिति - २०७२/०३/०९ जि.प्र.का. भक्तपुर<br>बाबु - केशव प्रसाद शर्मा<br>बाजे - पदम प्रसाद शर्मा<br>स्थायी ठेगाना- भक्तपुर जिल्ला, महामञ्जुश्री नगरकोट न.पा वडा नं ०७<br>हालको ठेगाना- ऐ.ऐ |

### गाईघाट शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **आशाराम साह**<br>ना.प्र.नं.- ५५२०९<br>जारी मिति - २०५९/०१/२०, जि.प्र.का. उदयपुर<br>बाबु - बताहु साह तेली<br>बाजे - नारायण साह तेली<br>पत्नी - कविता साहु तेली<br>स्थायी ठेगाना- उदयपुर जिल्ला, हडिया गा.वि.स., वडा नं. ९<br>हालको ठेगाना- उदयपुर जिल्ला, चौदण्डीगढी न.पा., वडा नं. १० | १. **आशाराम साह**को नाममा मालपोत कार्यालय, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, सुन्दरपुर गा.वि.स/न.पा वडा नं. ८ख स्थित कित्ता नं. १६४५ को क्षेत्रफल ०-०-१८.५ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **कविता साहु तेली**
ना.प्र.नं.- ७२४३७
जारी मिति - २०६१/१२/२८, जि.प्र.का. उदयपुर
बाबु - बौकाई साहु तेली
पति - आशाराम साह
स्थायी ठेगाना- उदयपुर जिल्ला, हडिया गा.वि.स., वडा नं. ९
हालको ठेगाना- उदयपुर जिल्ला, चौदण्डीगढी न.पा., वडा नं. १०

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१


## कुवेतमा रोजगार

कम्पनी : Global Rig Move & General Trading L.L.C.2017

पूर्व स्वीकृति मिति : २०८२/०१/१८ | LT. No. 322738 | चलानी नं. ६०२३६७११

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 8 | 0 | 150 | ६६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Vehicle Driver (Uae License) | 3 | 0 | 145 | ६४,१९० | | | | | | | |
| 3 | Lorry Driver | 1 | 0 | 150 | ६६,४०० | | | | | | | |
| 4 | Private Driver | 2 | 0 | 145 | ६४,१९० | | | | | | | |
| 5 | Truck Driver | 31 | 0 | 170 | ७५,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २६ गते (9th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

OM OVERSEAS EMPLOYMENT PVT.LTD

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना !

(तेस्रो पटक प्रकाशित मिति २०८२/०१/१९)

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/१९ को स्वीकृत पत्रको आधारमा यस कम्पनीको साविक नाम डिजिलट पसल (प्रा.लि.नं.२५४५९४) परिवर्तन भई डिजिटल पसल प्रा.लि. कायम भएको साथै साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर र अन्य दायित्व समेत परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

DIGITAL PASAL

**डिजिटल पसल प्रा.लि.**
काठमाडौं म.न.पा.-३२, काठमाडौं ।
इमेल: websitepasal@gmail.com

प्यान नं.: ६०९९२३४३८
सम्पर्क नं.: ९८४८६३१३२६

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय
डिभिजन वन कार्यालय, ललितपुर

## आवधिक योजना सहितको रणनीतिक योजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति: २०८२।०१।१९ गते

बागमती प्रदेश, ललितपुर जिल्ला स्थित श्री डिभिजन वन कार्यालय, ललितपुरद्धारा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डिभिजन वन कार्यालय, ललितपुर गोदावरी न.पा. ३, गोदावरी ललितपुर, टेलिफोन नं.: ०१-५१७४१७५, ई-मेल: dfolalitpur1@gmail.com |
| प्रस्तावको व्यहोरा | आवधिक योजना सहितको रणनीतिक योजना (आ.व. २०८२/८३ देखि २०८६/८७ सम्म) कार्यान्वयन |
| प्रभाव पर्न सक्ने क्षेत्र | ललितपुर जिल्ला भरी |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली विच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डिभिजन वन कार्यालय, ललितपुर गोदावरी न.पा.३, गोदावरी ललितपुर टेलिफोन नं.: ०१- ५१७४१७५, ई-मेल: dfolalitpur1@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | श्री ईन्भारोनमेन्टल फोरम फर रिसर्च एण्ड डेभलपमेन्ट प्रा.लि. (EFORD Nepal), काठमाडौं । |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कता छ प्रदेश सरकार ?

संघीय सरकारको कामप्रति जनआक्रोश बढ्दो छ । सुशासन, संविधान संशोधनजस्ता विषयलाई मुल मुद्दा बनाएर बनेको गठबन्धन सरकारले जनताको अपेक्षालाई सम्बोधन गर्न सकेको छैन । अर्थतन्त्रलाई ट्र्याकमा ल्याउन नसक्दा भद्रगोलको अवस्था छ । चौतर्फी असन्तुष्टि बढ्दा सत्तारुढ दलका शीर्ष नेता र मन्त्रीहरू यसको समाधानतिर लागेको देखिँदैन ।

जनताको अपेक्षा सम्बोधन गर्ने र संघीयतालाई सम्बोधन गर्ने अर्को सरकार हो प्रदेश सरकार । तर सात वटा प्रदेश सरकारको हिजोआज नामोनिशान सुनिँदैन । सात जना मुख्यमन्त्री र थुप्रै प्रदेशमन्त्रीहरू कता के गर्दैछन् बेखबर छन् । हुन त हिजोआज प्रदेशका मन्त्रीहरू कूर्सी पसल उद्घाटनदेखि शौचालय शिलान्यासमा पनि पुग्छन् । यो केन्द्रकै सिको हो ।

संघीयता कार्यान्वयमा लैजान यी भन्दा अघिका प्रदेश सरकारहरू निकै सक्रिय सुनिन्थे । उनीहरूले प्रदेशमा प्रहरी चाहिएको, प्रदेश निजामती कर्मचारी चाहिएको विषयमा लगातार माग उठाउँथे । तर अहिले झन्डै दुई तिहाईको बलशाली सरकारको नेतृत्वलाई प्रश्न गर्न सकिरहेका छैनन् । संघीय सरकारको नेतृत्वमा अहिले एमाले अध्यक्ष केपी शर्मा ओली छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्रजस्ता दलको अथक प्रयासपछि आएको गणतन्त्रलाई प्रश्नमाथि प्रश्न गर्न सत्तारुढ दलकै नेताहरूले आडभरोसा दिइरहेको देखिन्छ । गणतन्त्रविरोधी दल राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता राजेन्द्र लिङ्देनलाई प्रधानमन्त्री ओलीले नै सघाएर चुनाव जिताएको बताइन्छ । उनै लिङ्देन पछिल्ला दिनहरूमा संघीयताविरोधी नारा घन्काएर विरोधमा उत्रिएका छन् । हुन त उनैको दल राप्रपाको सांसद बागमती प्रदेशमा सभामुख छन् । तैपनि राप्रपा प्रदेश खारेजी आन्दोलनमा डटिराखेकै छ ।

यस्तो अवस्थामा प्रदेशले संघीयताविरोधीको प्रश्नको जवाफ कामले दिनुपर्ने हो । तर प्रदेश सरकार आफूनिकटकालाई नियुक्ती दिने, दिनदिनभर विभिन्न कार्यक्रममा झुम्ने र ठाउँगाउँ घुम्ने काममै व्यस्त देखिन्छ । नीति निर्माणको विषयमा प्रदेश सरकारले काम गर्नै सकेको छैन । दुई तिहाईको सरकार आएसँगै प्रदेशको हकअधिकारको बारेमा संघीय सरकारसँग प्रश्न गर्न सकेकै छैन । दुई ठुला दल मिलेर बनेको सरकारले संघीयतालाई अझ बलियो पार्ने विषयमा नीतिनिर्माण गर्नुपर्नेमा संविधान संशोधनलाई प्राथमिकतामा राखेको छ । यसको छायामा प्रदेश सरकार तर्सिएको छ । जनताको सुखदुःखमा देखिनुपर्ने प्रदेश सरकार अहिले कहीकतै सुनिन्न, देखिन्न ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# नेपालमा जैविक विविधताको महत्व तथा संरक्षणका आवश्यकता



■ गम्भीरबहादुर हाडा

> जैविक विविधता नेपाली अर्थतन्त्रको आधारशिला मात्र होइन, देशको आर्थिक विकासका लागि तुलनात्मक फाइदा भएको क्षेत्र पनि हो । तर, यी जैविक तथा प्राकृतिक साधनहरू आजसम्म देशको आर्थिक विकासका लागि लाभदायक किसिमले व्यवस्थापन, विकास तथा सदुपयोग गर्न सकेको छैन । जैविक विविधता जलवायु परिवर्तनलाई समायोजन गर्न तथा गरिबी घटाउन अति आवश्यक साधन मानिन्छ ।

सामान्य रूपमा भन्नुपर्दा पृथ्वीमा प्राप्त हुने सजीव प्राणी, वनस्पति, जीव-जीवात्मा र तिनीहरूमा प्राप्त हुने विविधता अर्थात् पृथक प्रवृत्ति वा गुणलाई जैविक विविधता भन्न सकिन्छ । पृथ्वीमा उपलब्ध जीव, वनस्पति अथवा जलचर र स्थलचरसहित निर्जीव तत्वबीचको अन्तरसम्बन्धले नै पृथ्वीको प्राकृतिक वातावरण सन्तुलित बनाइरहेको छ । जसका कारण पृथ्वीमा मानिसलगायत सम्पूर्ण प्राणीहरूको अस्तित्व कायम रहन सकेको छ । त्यसैले संसार जैविक विविधताको अघोषित साम्राज्य हो ।

जब प्रकृतिमा जैविक विविधताको गुणात्मक र संख्यात्मक विकासमा शिथिलता उत्पन्न हुन्छ र ह्रास आउन थाल्दछ, तब मानिसले आफ्नो अस्तित्व माथिसमेत शंका उठाउनुपर्ने हुन्छ । यस अर्थमा जैविक विविधता जीवनको सहयात्री हो, विकास र उन्नतिको मूल जरो वा स्पन्दन हो । यसैबाट जैविक विविधताको महिमा वा महत्त्वसमेत स्पष्टरूपमा झल्कन्छ । जैविक विविधतालाई विभिन्न दृष्टिकोणबाट परिभाषित गरिएको पाइन्छ । जैविक विविधता प्राणी, वनस्पति तथा सूक्ष्म जीवहरूको जाति प्रणालीमा आएको विभेद भन्ने बुझिन्छ । यो भिन्नता उनीहरूको वंशाणुगत गुणमा आउने परिवर्तन, पर्यावरणमा हुने क्रमिक परिवर्तन, सामाजिक-सांस्कृतिक परिवर्तन तथा मानिसद्वारा निर्मित अप्राकृतिक पर्यावरणका कारणहरूबाट भएको हुन्छ ।

प्राणी तथा वनस्पतिको अभ्युदय भएको करिब ३.५ विलियन (तीन अर्ब ५० करोड) वर्ष भएको मानिन्छ । जीव तथा वनस्पति उत्पत्तिदेखिको वर्तमान समयसम्म यिनीहरूबीच ठूलो उतारचढाव आएको अनुमान गरिएको छ । खासगरी मानिसको प्रभुत्व विस्तार भएदेखि अन्य जैविक तत्वहरूको प्रयोगमा व्यापकता आएका कारण व्यापक क्षति भएको मानिएको छ । पृथ्वीमा कूल ५० लाखदेखि तीन करोड प्रजातिका जीव तथा वनस्पति भएको अनुमान गरिएको छ यी प्रजातिमध्ये मानिसले करिब १७ लाख प्रजातिको पहिचान र प्रयोग गरिरहेको अनुमान गरिएको छ । जैविक स्रोतको उपयोग प्राचीनकालदेखि मानिसले आफ्नो प्रयोजनका लागि गर्दै आएको छ । तर, यसको तीव्र गति बीसौं शताब्दीदेखि प्रारम्भ भएको छ । जनसंख्या वृद्धि र विकासका आधुनिक प्रविधिको प्रयोगले प्राकृतिक स्रोतमाथि तीव्र दबावमात्र परेन, पर्यावरणमा ह्रास आएर पारिस्थितिकीय प्रणालीमासमेत व्यापक परिवर्तन आएको छ । परिणामस्वरूप विकासका नाममा विनास पनि भइरहेको कुरा मानिसले बीसौं शताब्दीको मध्यबाट अनुभव गऱ्यो । प्रकृतिमा प्राप्त हुने विभिन्न स्रोतहरूको उपयोग गर्दा यी जीवजन्तु तथा वनस्पतिको अस्तित्व संकटमा पर्न गएको अनुभव भएपछि तिनको संरक्षण गर्नुपर्ने कुरा अगाडि आयो । जैविक विविधताले जीवहरूको किसिम र तिनमा पाइने विविधता र भिन्नतालाई जनाउँछ ।

(१) पर्यावरणीय प्रणालीको विविधता
(२) प्रजातिगत विविधता
(३) आनुवांशिक वा वंशाणुगत विविधता

प्रकृति र जीवजन्तुको सौन्दर्यलाई बचाइ राख्न जैविक विविधताको संरक्षण गर्नुपर्छ । यसको विनासले वातावरण तथा पर्यावरणको विनासमा सघाउ पुऱ्याउँछ र विस्तारै धेरै किसिमका जीवजन्तुहरू लोप हुने अवस्थामा पुग्छन् । आजको विश्वमा जैविक विविधताको विनास गर्ने काम सबभन्दा बढी मान्छेले नै गरेको छ र यसको संरक्षण गर्ने प्रयास पनि मान्छेबाट नै भइरहेको छ ।

जैविक विविधता भन्नाले पृथ्वीमा पाइने जल, स्थल, सीमसार, मरुभूमि वा हिम प्रदेशमा पाइने साना-ठूला सबैखाले जीवजन्तु तथा बिरुवा, वनस्पतिहरूको जातिगत, आनुवांशिक भिन्नतालाई बुझाउँदछ । जैविक विविधता प्राणी, वनस्पति तथा सूक्ष्म जीवहरूको जाति प्रणालीमा आएको विभेद भन्ने बुझिन्छ । यो भिन्नता उनीहरूको वंशाणुगत गुणमा आउने परिवर्तन र पर्यावरणमा हुने क्रमिक परिवर्तन हो । जैविक विविधताको शाब्दिक अर्थ जीव तथा जीवजन्य र यसको विविधतालाई जनाउँछ । अतः जैविक विविधता भन्नाले यो पृथ्वीमा पाइने जल, स्थल वा सीमसार क्षेत्र मरुभूमि वा हिम प्रदेशमा पाइने साना-ठूला सबैखाले जीवजन्तु तथा बिरुवा वनस्पतिहरूको भिन्नतालाई जैविक विविधता भनिन्छ । यसअन्तर्गत साना-साना जीवदेखि लिएर भीमकाय जनावर हात्ती ह्वेल तथा लेउ, झ्याउदेखि लिएर ठूला-ठूला रुखहरूसमेत समावेश भएका हुन्छन् र यिनीहरूको भिन्नताको समग्र रूपलाई नै जैविक विविधता भनिन्छ । मानव जातिले यस्ता स्रोतहरूको उपयोग गर्दा वा अन्य कुनै कारणले यी जीवजन्तु तथा वनस्पतिको अस्तित्व संकटमा पर्नबाट जोगाउने कार्यलाई जैविक विविधता संरक्षण भनिन्छ । जैविक विविधता स्थानअनुसार फरक पर्छ । अतः कुनै एक स्थानको जैविक विविधता भन्नाले प्रतिएकाइ वर्गमा विद्यमान जीवाणु, वंशाणु, प्राणी र त्यहाँको पारिस्थितिकीय प्रणालीलाई जनाउँछ ।

वातावरण संरक्षण ऐन, २०५३ अनुसार जैविक विविधता भन्नाले 'पारिस्थितिकीय प्रणालीको विविधता प्रजातीय विविधता र जेनेटिक (वंशाणु) विविधता सम्झनुपर्छ' भन्ने उल्लेख भएको छ । त्यसैगरी संरक्षण भन्नाले सुरक्षा, स्याहार, संहार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोगलाई जनाउँछ । अतः जैविक विविधताको संरक्षण भन्नाले पारिस्थितिकीय प्रणालीको विविधताको संरक्षण, प्रजातीय विविधताको संरक्षण र वनस्पति विविधताको संरक्षणलाई जनाउँछ ।

जैविक विविधताभित्र निम्न पक्षहरू महत्त्वपूर्ण देखिन्छन्: प्रजातीय विविधता, वंशाणुगत गुणमा विविधता, पर्यावरणीय विविधता, प्राणीहरूमा हुने विविधता । विभिन्न पारिस्थितिकीय प्रणालीको कारणले नेपाल बहुसंख्यक जीवजन्तुका प्रजातिको संगमस्थल भएको छ । नेपालका विभिन्न वासस्थानमा पुतलीको ११ परिवारका ६४५ प्रजाति भेट्टिएका छन् । यीमध्ये २९ प्रजाति रैथाने, १४२ प्रजातिहरू विनास तथा लोपको अवस्थामा पुगेका छन् भने १२ प्रजातिका पुतली संकटापन्न स्थितिमा छन् । कीराको हकमा भने हालसम्म पाँच रैथाने प्रजातिसहित २२ परिवारका पाँच हजार ५२ प्रजाति भएको विवरण छ । यसैगरी पहिचान भएका १८५ प्रजातिका माछामध्ये आठ रैथाने, नौ अति संवेदनशील र २४ प्रजाति दुर्लभ मानिएका छन् (श्रेष्ठ, १९९५) । नेपालमा नौ रैथाने प्रजातिलगायत ४३ उभयचरका प्रजातिहरू, दुई रैथाने प्रजातिसहित १०० घस्रने जन्तुका प्रजाति पाइएको छ । नेपाल चराको प्रजातिको दृष्टिले पनि सम्पन्न छ । हाल पहिचान भएका कूल ८४४ प्रजातिका चरामध्ये ११, दुई, २२ र ४० प्रजातिका चराहरू क्रमशः लोप भएको, रैथाने, विश्व संरक्षण संघको सूचीअनुसार संकटापन्नमा अंकित तथा साइटिसको अनुसूचीमा परेका छन् ।

आर्थिक सर्वेक्षणमा उल्लेख गरिएअनुसार मुलुकमा १२ राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष, एक सिकार आरक्ष र छ संरक्षण क्षेत्र गरी २० संरक्षित क्षेत्र रहेका छन् । कूल भू-भागमध्ये २३.४ प्रतिशत भू-भाग संरक्षित क्षेत्रको रूपमा रहेको छ । हालसम्म वन संरक्षण क्षेत्रअन्तर्गत एक लाख ९४ हजार १५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ । २०८० फागुनसम्म मध्यवर्ती तथा संरक्षित क्षेत्रमा एक हजार ६७ सामुदायिक वन समूह गठन भएका छन् । यस्तो क्षेत्रले करिब दुई लाख ४० हजार ८७० हेक्टर क्षेत्रफल ओगटेको छ । त्यसैगरी ८८ मध्यवर्ती कबुलियती वनमार्फत ५४८.७ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ । संरक्षित क्षेत्र व्यवस्थापनबाट मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रमा बस्ने ११ लाख ४२ हजार ५९९ जनसंख्या लाभान्वित भएका छन् । २०८० फागुनसम्म २३ हजार ६०१ सामुदायिक वन उपभोक्ता समूहमार्फत २५ लाख आठ हजार ३२६ हेक्टर वन क्षेत्रको व्यवस्थापन गरिएको छ । गरिबीको रेखामुनि रहेका समुदायको जीविकोपार्जनमा सुधार र वन संरक्षणमासमेत टेवा पुऱ्याउन सात हजार ७३१ कबुलियती वन समूहलाई ४४ हजार ३९९ हेक्टर वन कबुलियती वनको रूपमा हस्तान्तरण गरिएको छ ।

जैविक विविधता नेपाली अर्थतन्त्रको आधारशिला मात्र होइन, देशको आर्थिक विकासका लागि तुलनात्मक फाइदा भएको क्षेत्र पनि हो । तर, यी जैविक तथा प्राकृतिक साधनहरू आजसम्म देशको आर्थिक विकासका लागि लाभदायक किसिमले व्यवस्थापन, विकास तथा सदुपयोग गर्न सकेको छैन । जैविक विविधता जलवायु परिवर्तनलाई समायोजन गर्न तथा गरिबी घटाउन अति आवश्यक साधन मानिन्छ । विश्व अर्थतन्त्रको ४० प्रतिशत र गरिबको आवश्यकताको ८० प्रतिशत अंश जैविक साधनबाट प्राप्त हुन्छ । वातावरणीय प्रणालीले स्वस्थ्य रूपले बाँच्नका लागि विभिन्न सेवा प्रदान गर्छ । यसले हावाको गुणस्तर तथा जलवायु परिवर्तनलाई नियमन गर्छ । माटोको उर्वरा कायम राख्छ । साथै, यसले मानिसलाई आवश्यक आवास, सांस्कृतिक तथा मनोरञ्जनात्मक सेवासमेत प्रदान गर्छ । विश्वव्यापी वातावणीय प्रणालीले प्रदान गर्ने कुल मौद्रिक मूल्य विश्वव्यापी कूल गार्हस्थ उत्पादनको मूल्यभन्दा बढी छ । विश्वव्यापी वातावरणीय प्रणालीले प्रदान गर्ने वस्तु तथा सेवाको आर्थिक मूल्य १६ हजारदेखि ५४ हाजार अर्ब डलर छ । जबकि, विश्वको कूल राष्ट्रिय उत्पादन प्रतिवर्ष १८ हजार अर्ब अनुमान गरिएको छ । त्यसकारण जैविक विविधतामा सन्तुलन कायम राख्नाले जीवित प्राणी, आर्थिक विकास तथा वर्तमान एवं भावी पुस्ताको मानवीयताको सुरक्षामा सन्तुलन कायम रहन्छ । एउटा स्वस्थ्य जैविक विविधता तथा वतावरणीय प्रणालीले मानवीय जीवनलाई संरक्षण प्रदान गर्नेमात्र होइन, यसले आर्थिक समुन्नति तथा मानिसलाई सुख, सुरक्षा प्रदान गर्छ । त्यसैले जैविक विविधताको संरक्षण दिगो प्रयोग आजको आवश्यकता र चुनौती हो ।

### जैविक विविधताको महत्व:

१. जीवहरूको अस्तित्व जोगाउन
२. प्राकृतिक प्रक्रियामा सन्तुलन राख्न
३. कृषिजन्य, पशुजन्य तथा वनस्पतिजन्य उत्पादनमा अभिवृद्धि ल्याउन
४. पर्यापर्यटनको विकास गर्न
५. वातावरण सन्तुलन र संरक्षण गर्न
६. बाढीपहिरो तथा भूक्षय रोक्न
७. खोज, अध्ययन, अनुसन्धानका लागि फिल्ड उपलब्ध गराउन
८. पर्यटकीयस्थलको रूपमा विकास गरी आयआर्जन गर्न ।

### जैविक विविधता ह्रास हुनुका कारणहरू:

१. जीवजन्तुको बासस्थानको ह्रास वा वन विनास
२. जनचेतनाको कमी
३. जनसंख्या वृद्धि तथा गरिबी
४. रासायनिक मल तथा कीटनाशक औषधिको प्रयोग
५. अव्यवस्थित सहरीकरण तथा बसाइँसराइ
६. अव्यवस्थित औद्योगिकीकरण

वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टीगत विकासका लक्ष्यहरू हासिल गर्ने महत्त्वपूर्ण सवाललाई मध्यनजर गरी नेपालले यस क्षेत्रमा भएका अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धिहरूको अनुमोदन तथा सम्मिलन गर्दै तदनुरूप राष्ट्रिय नीति, कानुन तथा संस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ । वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात् गरिएको छ । सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थासमेतको सक्रियतामा राष्ट्रिय तथा स्थानीय अनुकूलनका लागि रणनीतिक कार्यक्रमहरू, कार्बन व्यापारको थालनी, वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधनजस्ता प्रयासहरू भइरहेका छन् । साथै, जलवायु परिवर्तनका क्षेत्रमा भएका सार्वजनिक खर्च यकीन गर्न पहिलोपटक नेपालमा जलवायु परिवर्तन बजेट संकेतको व्यवस्था गरिएको छ ।

राष्ट्रिय अनुकूलन कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय अनुकूलन कार्यक्रमलाई अघि बढाउने कार्य भइरहेको छ । त्रिवर्षीय योजना अवधिमा वातावरणीय नियमावली, निर्देशिका र मापदण्डको कार्यान्वयनको अनुगमन तथा व्यवस्थापन, वातावरणीय परीक्षण, जलवायु परिवर्तन अनुकूलन तथा प्रभाव न्यूनीकरण, प्रविधि विकास तथा प्रविधि हस्तान्तरणसम्बन्धी कार्यक्रम, वातावरण सचेतना अभिवृद्धि तथा प्रवर्द्धन कार्यक्रम, वातावरण तथा जलवायु परिर्वतनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरूको कार्यान्वयन अवस्थाको अध्ययन सम्पन्न भएको छ । साथै, दीर्घायु विषादीको सुरक्षित व्यवस्थापनसम्बन्धी कार्य सम्पन्न भएको छ । वातावरणसम्बन्धी सन्धि/महासन्धिहरूको अनुमोदन गरी वातावरण संरक्षण र दिगो विकासलाई नेपालमा कार्यरूप दिन कार्यक्रमहरू कार्यान्वयनमा आएका छन् ।

*(लेखक अधिवक्ता तथा भक्तपुर बहुमुखी क्याम्पसका अवकाशप्राप्त सहप्राध्यापक हुन्)*

## पाठक मञ्च

# सहकारीको अवस्था बैंकमा नदेखियोस्

बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्न नसक्दा लाखौं सर्वसाधारण कालोसूचीमा परेका छन् । कालोसूचीमा पर्नेको संख्या बढ्नु भनेको बैंकमा संकट आउनु हो । किनकि ऋणीले कर्जा नतिरेपछि मात्र उसलाई कालोसूचीमा राखिन्छ । यसरी ऋणीले कर्जा तिर्न नसकेपछि ऊ त कालोसूचीमा पर्छ नै, सँगै बैंकलाई समेत समस्या आइलागेको छ ।

बैंकले ऋणीलाई कालोसूचीमा राखेर उसको धितो त लिलाम गऱ्यो । तर, बिक्री नहुँदा समस्या भएको छ । बिक्री भए पनि कर्जा रकम उठ्ने अवस्था छैन । किनभने धितोको मूल्य दिन प्रतिदिन घट्दो क्रममा छ । बैंकको कालोसूचीमा पर्ने संख्यामा बढोत्तरी र धितो बिक्री नहुनुसँगै अहिले बचतकर्ताको संख्यासमेत घट्न थालेको छ । बैंकले ऋण उठाउन नसकेको सबैले थाहा पाएका छन् ।

फेरि ऋण उठाउन नसकेपछि बैंक जोखिममा पर्छ । बैंक जोखिममा पर्नु भनेको बचतकर्ता अर्थात् आमसर्वसाधारणको रकम जोखिममा पर्नु हो । त्यसैले, अहिले अधिकांशले बैंकमा बचत गर्न छोडिदिएका छन् । बैंकले धितोको राम्ररी मूल्यांकन नै नगरी ऋण प्रवाह गरेको छ । कमसल धितो राखेर करोडौं कर्जा प्रवाह गरेकै कारण बैंकमा समस्या आएको हो । ताप्लेजुङको पाथीभरा क्षेत्रमा केबलकार बनाउन लागिएको सम्पूर्ण जग्गा त्यहाँको जग्गाधनीले सात लाख रूपैयाँमा बेचेको बताइन्छ । तर, केबलकार बनाउन लागेका व्यवसायीले त्यही जग्गा बैंकमा धितो राखेर २८ करोड रूपैयाँ ऋण लिएको पाइएको हो छ ।

अब भनौं, को डुब्यो ? यो त एउटा उदाहरण मात्रै हो । बैंकको यस्ता कयौं कमसल धितोमा लगानी छ । ठूलो व्यापारी तथा व्यवसायीले लाखको धितो राखेर करोड र करोडको राखेर अर्बौं ऋण बैंकबाट लिएका छन् । बैंकले पनि घूस पाएपछि आँखा चिम्लेर ऋण दियो । तर, अहिले टाउकोमा हात लगाएर बस्नुपरेको छ । मेडिकल व्यवसायी दुर्गा प्रसाईंले बैंकबाट १० अर्ब रूपैयाँ ऋण लिएका छन् । भक्तपुरस्थित घर र झापामा रहेको आफ्नो अस्पताल धितो राखेर उनले कर्जा लिएका हुन् ।

उनले बैंकको साँवाब्याज नतिरेको वर्षौं भइसक्यो । अहिले प्रसाईं प्रहरी हिरासतमा छन् । गत चैत १५ गतेको घटनामा उनी जेल पुग्ने सम्भावना अधिक छ । अनि प्रसाईं जेल पुगेपछि बैंकले उनको धितो लिलाम गर्ने छ । तर, प्रसाईंको घर र अस्पताल दुवै बेचेरसमेत दुई अर्ब नउठ्ने अवस्था छ । त्यसकारण बैंक समस्यामा छ ।

गाडीमा पनि यही हो । बैंकले बजारी मूल्य मूल्यांकन गरेर त्यसको ८० प्रतिशतसम्म कर्जा प्रवाह गरेको छ । उदाहरणका लागि एक करोडको गाडी किन्दा ७०-८० लाख रूपैयाँ ऋण दिइयो । बाँकी रकम खरिद वा लगानीकर्ताले हाल्ने गर्छ । घरजग्गा, गाडी र सेयरको मूल्य बढाउने दलाली हुन् । भारतमा पाँच लाख रूपैयाँमा पाइने सवारीसाधन यहाँ ५० लाख रूपैयाँसम्ममा बेचिएको छ । त्यो सवारीसाधनलाई बैंकले ८० प्रतिशतसम्म कर्जा प्रवाह गर्छ ।

यसरी बैंकले कर्जा प्रवाह गरेपछि लगानीकर्ताले त्यो गाडी त किन्छ । तर, कुनै पनि वस्तु सम्बन्धित निकायमा दर्ता हुनासाथ त्यसको मूल्य घट्छ । जस्तै नयाँ गाडी किनेर दर्ता गरी छ महिनामात्रै चलाए पनि त्यसको मूल्य आधाले घट्छ । अनि त्यो गाडी किन्नेले ऋण तिर्नेबित्तिकै बैंक संकटमा आउँछ । धितो लिलाम गरे पनि कर्जा उठ्दैन । अहिले भएको यही हो ।

बैंकले धितोको तत्कालको बजारी मूल्य मूल्यांकन गरेर ऋण प्रवाह गऱ्यो । विगतमा त्यसको मूल्य कति थियो ? र, भविष्यमा के हुनसक्छ ? भनी सोचविचार वा खोजतलास नै नगरी घूसको आडमा धमाधम कर्जा प्रवाह गर्दा बैंक समस्यामा परेको छ । सहकारीपछि भाग्ने पालो बैंकको त आउने होइन ? सरकारको मापदण्डलाई नै अनदेखा गरेर बैंकले लगानी गरेको पाइन्छ । सहकारीका बचतकर्ताको रुवाबासी भयो । अर्धनग्न भएर उनीहरू सडकमा उत्रिनुपरेको छ । त्यस्तो अवस्था हुनबाट बच्न बैंकका बचतकर्ता सचेत बनौं ।

**– रुषा थापा**
**भक्तपुर**



**श्रमिक दिवसमा प्रभातफेरी**

तनहुँको व्यास नगरपालिका–३ प्रशासन चोकमा १३६औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बिहीबार नेपाल ट्रेड युनियन कांग्रेस तनहुँले निकालेको प्रभातफेरी । श्रमिक दिवस विविध कार्यक्रम गरी मनाइँदै छ ।

*तस्बिरः कृष्ण न्यौपाने/रासस*

# यार्सागुम्बा टिप्न छेके र बाजु लेकतिर छेकम्पारबासी

**गोरखा–** चुमनुब्री गाउँपालिका-७ छेकम्पारका बासिन्दा यार्सागुम्बा टिप्न लेकतिर जान थालेका छन् । मौसम सुरु हुनेबित्तिकै छेकम्पारवासी यार्सागुम्बा संकलन गर्न छेके र बाजुको लेकतिर जान थालेका स्थानीय छिरिङफुञ्जो लामाले जानकारी दिए । 'कतिपय हिँडिसके, कतिपय जाने तयारीमा छन्,' उनले भने, 'मौसम बिग्रिएर दुःख दिइरहेको छ ।' चुमनुब्री-१ सामागाउँ र वडा नं ७ छेकम्पारका लेकमा उच्च गुणस्तरको यार्सागुम्बा पाइन्छ । यसलाई उत्तरी गोरखाका बासिन्दाको प्रमुख आम्दानीको स्रोत मानिन्छ । चुमनुब्रीको वडा नं ३ र धार्चे गाउँपालिकाको वडा नं ३ का लेकमा पनि यार्सागुम्बा पाइन्छ ।



छेकम्पारका बासिन्दा यार्सागुम्बा टिप्न वैशाखको पहिलो सातादेखि नै लेकतिर जान थालेका निवर्तमान वडाध्यक्ष पासाङ फुञ्जो लामा बताउँछन् । 'स्थानीय जान त गएका छन्, तर लेकमा अझै हिउँ जमिरहेको छ,' उनले भने, 'यो वर्ष हिउँ ढिला पऱ्यो, लेक गएका पनि हिउँ पन्छाउँदै होलान् ।' वैशाख लागेपछि लेक गएकाहरू असारतिर मात्र फर्कने गर्छन् । स्थानीय बासिन्दाले करिब दुई-अढाइ महिनालाई पुग्नेगरी याक-चौंरीलाई रासनपानी तथा लत्ताकपडा बोकेर लैजान्छन् ।

यार्साको मौसम सुरु भएपछि अधिकांशले घरमा ढोका लगाएर जहान परिवार, घरपालुवा पशुचौपाया सबै लेकमै लिएर जान्छन् । 'लेकमा अस्थायी क्याम्प बनाउँछन्, बालबच्चा पनि लेकमै लान्छन्, याक, चौंरी पनि लेकमै लान्छन्,' लामा पासाङ भन्छन्, 'कसै-कसैका घरमा हिँड्न नसक्ने बूढाबूढी छन् भने रोङ्बा (तल्लो भेगका मान्छे)लाई घर कुरुवा राखेर आफू सबै लेकमै जान्छन् ।'

यहाँका बासिन्दाको मुख्य आयस्रोत यार्सागुम्बाबाट हुने कमाइ हो । उनीहरूले यार्सागुम्बा बेचेर रु दुई लाखदेखि चार लाख रूपैयाँसम्म कमाउने गर्दछन् । 'अचेल लेकमा किरा पाउनै छोड्यो, दिनभरि खोज्दा एउटा, दुईटामात्र पाइन्छ,' छिरिङ फुञ्जो भन्छन्, 'अब केही वर्षपछि त त्यही पनि पाउन छोड्छ होला ।' यार्सागुम्बा संकलनका लागि प्रत्येक घरले स्थानीयस्तरको समितिलाई ५०० रूपैयाँ र पालिकाका लागि ५०० रूपैयाँ तिर्नुपर्ने व्यवस्था छ । *रासस*

सन्दर्भः अन्तराष्ट्रिय श्रम दिवस

# परिवारको भविष्य खोज्नेहरू...

■ हिमाल लम्साल



**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज महानगर-१५ भिष्वाका वीरेन्द्र महतोलाई दुई दशकअघिसम्म वीरगञ्ज बजारमा रिक्सामा सवार गर्ने यात्रुको खासै प्रतीक्षा गर्नुपर्दैनथ्यो । चोक-चोकमा भेटिने यात्रुलाई आफ्नो गन्तव्यमा पुऱ्याउनका लागि भ्याइनभ्याई हुने गर्थ्यो । त्यही कर्मबाट आफ्नो पाँच सन्तानलाई राम्रैसँग पढाइलेखाइ पनि गराउँदै आइरहेका थिए ।

तर, विगत पाँच वर्षयता भने उनीजस्तै वीरगञ्जमा भाडाको रिक्सा चलाउनेको अवस्था भने निकै दयनीय बन्दै आइरहेको छ । अहिले ४७ वर्षे महतोलाई वीरगञ्ज आसपासमा रिक्सामा सवार गर्ने यात्रु भेट्टाउन पनि मुस्किल पर्ने गरेको गुनासो सुनाउँछन् । '२० साल अघिसम्म त रिक्सामा सवार गर्ने यात्रुलाई गन्तब्यमा पुऱ्याउन भ्याइनभ्याई हुने गर्थ्यो । त्यतिबेला पनि आम्दानी पनि राम्रै हुने गर्थ्यो,' उनले भने, 'अचेल त चोक-चोकमा छ्यापछ्याप्ती भेटिने अटोरिक्साका कारण हामीजस्ता भाडाका रिक्सा चालकको काम खोसिएको छ । अचेल त दिनको ७०० रूपैयाँ कमाउन पनि मुस्किल पर्ने अवस्था आइसकेको छ ।'

तीन छोरी र दुई छोराका पिता महतोलाई रिक्सा चलाएर नै आफ्नो परिवारको गुजारा चलाउन हम्मेहम्मे परेको गुनासो पोखे । 'अहिले महँगीले आकाशै छोलाजस्तो गरिसक्यो । बिहान ०३ बजेदेखि बेलुका ८ बजेसम्म घोटिँदा पनि मुस्किलले ७०० रूपैयाँ कमाउन धौ-धौ भइसकेको छ,' उनले भने, 'त्यो ७०० मा पनि २०० त रिक्साको साहुलाई भाडा तिर्नुपर्ने अर्को बाध्यता छ ।' यहाँका अधिकांश रिक्साचालकको आफ्नै रिक्सासमेत छैन । अधिकांश रिक्सा चालकले दैनिक औसतमा १५० देखि २०० रूपैयाँ भाडा तिरेर साहुको रिक्सा चलाएर आफ्नो गुजारा चलाउँदै आइरहेका छन् ।

'रिक्साको भन्दा अटो रिक्साको भाडा धेरै सस्तो र छिटो गन्तव्यमा पुगिने लोभले सर्वसाधारण रिक्सामा चढ्न खासै रुचि देखाउँदैनन्,' रिक्सा चालक महतोले भने, 'मेसिनबाट चल्ने अटोरिक्सा र हाम्रो रगत पसिनाबाट चल्ने रिक्साको रेट एउटै त कहाँ राख्न सकिन्छ र ?'

वीरगञ्जको घण्टाघर चोकदेखि बसपार्कसम्म अटोरिक्सामा १० रूपैयाँमा नै यात्रा गर्न सकिन्छ । रिक्सामा भने कम्तीमा पनि ३० रूपैयाँ पर्ने भएकाले पनि भएकाले पनि सर्वसाधारणको रोजाइमा भने अचेल रिक्सा खासै पर्दैन । उनले अटोरिक्सा किन्न नसकेकै कारणले भाडाको रिक्सा चलाउँदै आइरहेको दुखेसो पोखे । '५० हजार पर्ने रिक्सा त आफैं किन्न सकेका छैनौ भने कहाँ चार लाख पर्ने अटोरिक्सा किन्ने कुरो त सपनाजस्तै हो,' चालक महतोले भने ।

प्राचीन तथा व्यापारिक सहर वीरगञ्ज बजारमा पहिलाजस्तो रिक्सा गुड्न पनि कमी आएको छ । अहिले वीरगञ्जमा औसतमा २०० भन्दा धेरै रिक्सा चालक रहेका छन् । वीरगञ्जकै घण्टाघर आसपासमा रिक्सा चलाउँदै आइरहेका ४६ वर्षे बसन्त गिरी पनि रिक्सा चलाएर गुजारा चलाउन गाह्रो हुने अवस्था सिर्जना भएको बताए । 'अचेल रिक्सा सवारी गरेर पेट पाल्न पनि गाह्रो हुने अवस्था भइसकेको छ,' उनले भने, 'रिक्सा चलाउनेबाहेक अन्य कुनै सीप छैन । तर यस्तै अवस्था रहिरहने हो भने त एक दिन नचाहेर पनि विस्थापित हुनुपर्ला कि ।'

वीरगञ्जमा नेपाली नागरिकमात्रै नभएर भारतीय नागरिक पनि रिक्सा चलाउँदै आइरहेका छन् । भारतको विहार राज्यअन्तर्गतको बेतिया जिल्लाका ६० वर्षे सुरेश रामको अनुभवमा पनि पछिल्लो समय रिक्साका चढ्ने यात्रु घटेको सुनाउँछन् । 'मेरो त जिन्दगी नै रिक्सा चलाएर बित्यो भन्दा पनि हुन्छ,' उनले भने, 'वीरगञ्जमै रिक्सा चलाएको पनि ४५ वर्ष बितिसक्यो । तर अचेल रिक्सा चढ्ने यात्रु भने घटेको घटचै छन् । यस्तै अवस्था रहीरह्यो भने त घर फर्किनुपर्ला भन्ने लागिरहेको छ । बेटरीवाला अटोरिक्साले हाम्रो कामजति सबै खोसेका छन् । कसरी टिक्नु खोई !'

रिक्सा चालक रामका अनुभवमा अटोरिक्सा नपाएको बेला र अत्यावश्यक परेको खण्डमा मात्रै यात्रु रिक्सा चढ्ने गर्छन् । 'छोटो रुट, अटोरिक्सा नगुड्ने ठाउँमामात्रै यात्रुको रोजाइमा रिक्सा पर्ने गर्छ,' उनले भने, 'पहिले त रिक्सा चढ्न हानाथाप हुने गर्थ्यो । अचेल त पुराना बूढापाका मात्रै चढ्ने गर्छन् ।'

पछिल्लो समय वीरगञ्जमा रिक्सा र टाँगा हराउँदै पनि गइरहेको छ । वीरगञ्ज आसपासमा टाँगा र रिक्सा न्यून संख्यामा मात्रै सडकमा देखिन्छन् । पछिल्लो समय युवा पुस्ता भने इलेक्ट्रिक तथा पेट्रोलियम पदार्थबाट चल्ने अटोरिक्सा चलाउनेतर्फ आकर्षित भइरहेका छन् वैदेशिक रोजगारीबाट फर्किएका युवा भने धमाधम अटोरिक्सा (टेम्पो)तर्फ आकर्षित भइरहेका छन् ।

वीरगञ्ज महानगर-१५ नगवा मोहम्मद सविरु पनि वैदेशिक रोजगारीका लागि तीन वर्ष युनाइटेड अरब इमिरेट्स गए । तर यहाँको खासै रमाउन नसकेपछि एक वर्षदेखि वीरगञ्ज बजारमा भाडाको अटो रिक्सा चलाउँदै आइरहेका छन् । 'अरबको खाडी सहर दुबईभन्दा त आफ्नो घरआँगनमा अटो रिक्सा गुडाउँदा झनै रमाइलो लाग्ने रैछ,' उनले विगत स्मरण गर्दै भने, 'दुबईमा भन्दा यहाँ आठ-१० हजार आम्दानी कम होला तर, परिवारको साथै बसेर काम गर्दा छुट्टै आनन्द महसुस हुने गरेको छ ।' सबिरुले दैनिक ७०० रूपैयाँ भाडा तिरेर भाडाको अटोरिक्सा गुडाउँदै आइरहेको बताए । 'पहिला-पहिला रिक्सा चढ्ने खुवै भेट्टिन्थे,' उनले भने, 'अचेल छिटो र सस्तो अटोरिक्सा हुने भएकाले सबैको रोजाइमा त्यही पर्ने गर्छ ।' उनले अटोरिक्सा चलाएर दैनिक औसतमा दुई हजार रूपैयाँसम्म आम्दानी गर्न सकिने बताए । 'अहिले अटोरिक्सा चलाएर परिवारलाई खुसीपूर्वक पालनपोषण गर्दै आइरहेको छु,' उनले भने ।

वीरगञ्जमा १० वर्षदेखि इलेक्ट्रिक रिक्सा चलाउँदै आएकी निशाचन्द्र ठकुरी पनि इरिक्साको पनि आम्दानी घटेको अनुभव सुनाउँछिन् । 'यहाँ अहिले पाइला-पाइला अटोरिक्सा र इ-रिक्सा पाइने भएकाले पनि कमाइ घट्दै गइरहेको छ,' उनले भनिन्, 'अहिले त दैनिक एक हजार ५०० रूपैयाँ आम्दानी गर्न पनि मुस्किल भइरहेको छ । टेम्पो र अटोरिक्सा चालकको हानाथापको कारणले पनि कुनै बेला त रित्तै पनि गुडाउनुपर्ने बाध्यता आइसकेको छ ।' चन्द्र वीरगञ्जमा पहिलो महिला इ-रिक्सा चालकको रूपमा परिचित छिन् । उनी इ-रिक्सा चलाउन थाल्दा वीरगञ्जमा १० वटामात्रै इ-रिक्सा गुड्ने गरेको दावी गर्छिन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख लोकराज भट्ट वीरगञ्ज बजार क्षेत्रमा अत्यधिक मात्रामा अटोरिक्सा चल्ने भएकाले पनि ट्राफिक जाम हुने गरेको बताउँछन् । 'वीरगञ्जबजार क्षेत्रमा यात्रु ओसार्ने सवारीसाधन भनेकै अटोरिक्सा हो । स-साना सवारीको कारणले पनि पिकआवरमा ट्राफिक व्यवस्थापनमा पनि समस्या थपिँदै आइरहेको छ ।' वीरगञ्ज बजार क्षेत्रमा अटोरिक्सा, रिक्सा, टाँगा र दुईपांग्रे सवारीसाधन अत्यधिक मात्रामा गुड्ने गर्छन् । यसको कारणले पनि पछिल्ला समय यहाँका सडक अटोरिक्सा र स-साना सवारीसाधनले भरिभराउ हुने गरेका छन् ।

वीरगञ्ज महानगर आसपासमा चल्ने अटोरिक्साको यकीन तथ्यांक भने छैन । यद्यपि, यहाँका सरोकारवाला निकायले भने करिब चार हजारको हाराहारीमा गुड्ने अनुमान गर्छन् । वीरगञ्ज महानगर सडक तथा यातायात शाखा प्रमुख विजय गुप्ताले महानगरमा ७५० को हाराहारीमा अटोरिक्सा दर्ता भएको बताए । 'पर्साका १४ वटै पालिकाबाट वीरगञ्जमा अटोरिक्सा चल्ने भएकाले पनि संख्या यकीन गर्न र व्यवस्थापनमा पनि चुनौती थपिँदै आइरहेको छ,' उनले भने, 'जनशक्तिको अभावको कारणले पनि अटोरिक्सा तथा टेम्पोलाई व्यवस्थित गर्न समस्या भइरहेको छ ।' *रासस*


**Haldibari Rural Municipality**

**Office of Rural Municipal Executive**

**Jalthal, Jhapa**

**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**Second Date of publication : 2082-01-19 (2025-05-02)**

1. Haldibari Rural Municipality Invites Online electronic bids for eligible bidders for the following Bids under Sealed Quotation Bidding procedures specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| Contract ID No | Name Of The Procurement | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Last date of bid submission | Bid opening Date |
|---|---|---|---|---|---|
| HRM/WORKS PIPELINE/SQ/ 26-081/082 | Pipeline Trench Excavation and Backfilling Including Pipe laying and Jointing at Different Location of Haldibari Rural Municipality. | 50,000.00 | 1,000.00 | 2025-05-16, 12:00 | 2025-05-16, 14:00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office Of Haldibari Rural Municipality or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents Can Be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified Below
   **Name of Bank : Citizens Bank International Ltd**
   **Name of Office : Haldibari Rural Municipality**
   **Office Account no.: 0630100000001202 (Haldibari Aantarik Rajaswa Khata)**
   **Office Account no.: 0630100000017201 (Haldibari Dharauti Khata)**
4. Bids must be valid for a period of 45 Days For Sealed Quotation Bidding procedures after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
7. The Employer reserves the right to accept or assigning any reason, whatsoever.

**Chief Administrative Officer**



**Government of Nepal**

**Ministry of Energy, Water Resources and Irrigation**

**Department of Water Resources and Irrigation**

**People's Embankment Program, Field Office No:7, Kanchanpur**

**Invitation for Electronic Bids Only**

**Date of publication: 2082/01/19 (May 2, 2025)**

1. People's Embankment Program, Field Office No: 7, Kanchanpur invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding procedures as shown in table below.

| S. N. | IFB No. | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Minimum Average Annual Construction Turnover (NRs.) | Minimum Work Experience of similar size and nature (NRs.) |
|---|---|---|---|---|---|
| 1 | DWRI/BHIMDUTTA/NCB-14/2081/082 | 5000.00 | 1,419,000.00 | 68.48million | 18.26 million |
| 2 | DWRI/SHUKLAFATA/NCB-15/2081/082 | 5000.00 | 881,000.00 | 42.48million | 11.33 million |
| 3 | DWRI/MOHANADODHA/NCB-16/2081/082 | 5000.00 | 1,048,000.00 | 50.55million | 13.48 million |
| 4 | DWRI/MOHANA/NCB-17/2081/082 | 5000.00 | 892,000.00 | 43.01million | 9.83 million |
| 5 | DWRI/MOHANA/NCB-18/2081/082 | 5000.00 | 1,170,000.00 | 56.43million | 15.05 million |
| 6 | DWRI/GAURIGANGANCB-19/2081/082 | 5000.00 | 1,550,000.00 | 74.79million | 19.94 million |

2. Bid Validity Period/Bid Security Validity Period 90 Days/120 days from last date of bid submission.
3. Last Date & Time of Bid Submission- 2082/02/18 (June 1, 2025) till 12:00 Hrs.
4. Eligible bidders may obtain further information from PPMO's website: http://www.bolpatra.gov.np/egp or office

**Office Chief**




## 'महाराजधिराज'मा रमेश उप्रेती

अभिनेता रमेश उप्रेती फिल्म 'महाराजाधिराज' देखिने भएका छन् । उनी ८ वर्षपछि फिल्ममा देखिन लागेका हुन् । उनी पछिल्लो समय २०17 मा निर्माण भएको 'ऐश्वर्या'देखिएका थिए । उप्रेती फिल्मको मुख्य भूमिकामा अनुबन्धित भएको निर्माण युनिटले जनाएको छ । यो बिचमा नेपाल नै रहे पनि फिल्ममा अभिनय नगरेका रमेशले केही म्युजिक भिडियो भने गरेका थिए । 'महाराजाधिराज'लाई परिच्छेद सेनले निर्देशन गर्दै छन् । शेनले यसअघि 'प्रेमगञ्ज' बनाएका थिए । फिल्मको प्रदर्शन मिति आगामी फूलपाती तोकिएको छ ।





# सुमनको 'बुद्धभूमि'मा कृष्ण र सुनिलाको स्वर




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रियभावले ओतप्रोत गीत 'बुद्धभूमि' सार्वजनिक भएको छ । गायिका सुनिला गुरुङको प्रस्तुतिमा रहेको गीत बुद्धिभूमिमा गायक कृष्ण केसी र सुनिला गुरुङको स्वर रहेको छ । गीतकार सुमन पण्डित 'बैरागी'को शब्द तथा संगीत सिर्जना रहेको गीतमा गायिका सुनिला गुरुङको पनि शब्द परिकल्पना रहेको छ । गायक कृष्ण केसीकै संगीत संयोजन रहेको यस गीतको मिक्सिङ श्यामश्वेत रसाइलीले गरेका हुन् । प्रिज्मा स्टुडियोमा रेकर्डिङ भएको यो गीतको भिडियोलाई सुरेश श्रेष्ठले छायाँकन गरेका छन् भने टेकेन्द्र शाहले सम्पादन गरेका हुन् ।

राष्ट्रियभावले ओतप्रोत गीत 'बुद्धभूमि' लाई पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, पूर्व उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले एकै स्टेजमा सार्वजनिक गरेका छन् । भुकम्प दिवसको अवसर पारेर गोरखाको बारपाकमा आयोजित कार्यक्रमबाट गीतको भिडियो सार्वजनिक गरेका हुन् । गीत सार्वजनिकपछि बोल्दै गीतले समग्र राष्ट्र र राष्ट्रियताको भाव बोलेको भन्दै पूर्व प्रधानमन्त्री प्रचण्डले गीतको प्रशंसा गरेका थिए । 'बुद्धभूमि' गीत समग्र देशको वर्तमान परिस्थितिलाई छर्लङ्ग उजागर गर्ने गीत बनेको पूर्व उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले बताए । त्यस्तै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले 'बुद्धभूमि' गीतको शब्द सिर्जनाले नेपालको वर्तमान परिस्थितिसँगै बाँझो जमिन बनाएर विदेशिनेदेखि राजनीतिक नेतृत्वसम्मको कथालाई बोकेको बताए ।

'बुद्धभूमि' गीतले बुद्धको जन्मभूमि लुम्बिनी र सगरमाथाको देशको यथार्थ चित्रण गरेको छ । राजनीतिक दलहरूले विदेशीको इशारामा चल्न हुन्न भन्ने सन्देशदेखि बाँझो जमिन छाडेर विदेशीको मेसिन बनिरहेका युवापुस्तालाई सम्बोधन गरेको गीत बनेको छ । वर्तमान नयाँ पुस्तालाई आफ्नो भूगोल र देशका सीमानाका बारेमा इतिहास पठाउनुपर्ने र देशको नयाँ मार्गचित्र कोर्नका लागि यो गीतले सन्देश बोकेको छ ।

# 'मिसेस नेपाल अस्ट्रेलिया'का लागि खुल्यो आवेदन

■ प्रभाव संवाददाता

**काठमाडौं –** हिमाली कल्चर ग्रुप मेलबर्न अस्ट्रेलियाको आयोजना र इभेन्ट्स नेपाल अस्ट्रेलियाको साझेदारीमा 'मिसेज नेपाल अस्ट्रेलिया २०२५' हुने भएको छ । आयोजकले प्रतियोगिता घोषणासँगै आवेदनसमेत खुला गरेको छ । हिमाली कल्चर ग्रुप मेलबर्नले पहिलोपटक गर्न लागेको हो । जहाँ महिलाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि र वाक् कलालगायत कार्यक्रम हुने जनाइएको छ ।

नेपालको पर्यटन क्षेत्रमा सहयोग गर्ने हेतुले कार्यक्रम विस्तार गर्न लागिएको आयोजकले भनाइ छ । १० वर्षदेखि अस्ट्रेलियामा रहेर नेपाल र नेपाली समाजका लागि विभिन्न सामाजिक सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम गर्दै आएको हिमाली कल्चर ग्रुपले यस वर्षदेखि निरन्तर रूपमा यस्तो इभेन्ट्स गर्ने बताएको छ ।




कार्यक्रममा ३० जना प्रतियोगी समावेश गराइने र छनोट भएकालाई प्रशिक्षणका क्रममा शारीरिक फिटनेस, जुम्बा, एरोबिक्स, सेल्फ डिफेन्स, सेल्फ मेकअप, फोटो सेसन, टेबल म्यानर र व्यक्तित्व विकाससम्बन्धी प्रशिक्षण दिइने आयोजकले जानकारी दिएको छ । स्टेज पर्फमेन्स क्याटवाकलगायत विधामा कोरियोग्राफर रोजीन शाक्यले प्रशिक्षण दिने पनि जनाइएको छ ।




# यस्तो छ 'जन्ते बाखो'को पोस्टर

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी जेठ २३ बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'जन्ते बाखो'को पोस्टर सार्वजनिक गरिएको छ । हास्य, रहस्य, ग्रामीण परिवेश र समसामयिक विषय संयोजन गर्दै तयार गरिएको पोस्टरमा फिल्मका मुख्य कलाकार फिचर्ड छन् ।

पोस्टरमा अटाएका धेरै कलाकार मध्य सबैभन्दा अगाडि एउटा बाखे छ, जसले गुलाबी रङको चस्मा लगाएको छ । सार्वजनिक पोस्टर रोयल भीमसेन र ट्राइडेन्ट कन्सेप्ट टिमले तयार पारेको हो ।

पोस्टरमा देखिएका पात्रहरूकै हाउभाउले फिल्ममा रोमाञ्चक कथा र हास्यपूर्ण ट्वीस्ट भएको अनुमान गर्न सकिन्छ । पोस्टरमा अभिनेता सौगात मल्ल, गरिमा शर्मा, आशिफ शाह , लोकेन्द्र लेखक, विशाल पहारी, कमल देवकोटा, रुषा न्यौपाने लगायतका कलाकार छन् ।

सिमोश सुनुवारको निर्देशन रहेको फिल्ममा रमा थपलिया, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतम, कुशल गजमेर लगायतका कलाकारहरूको पनि अभिनय छ । यसअघि सार्वजनिक फिल्मका दुई गीत 'घामै राजा' र 'अङ्गुरको झुप्पो'लाई दर्शकले रुचाइरहेका छन् । मुईन इन्टरटेनमेन्टको प्रस्तुतिमा तयार भएको फिल्म 'जन्ते बाखो' सामाजिक कमेडी कथावस्तुमा आधारित छ । सन्तोष गौतमको निर्माणमा तयार भएको फिल्मलाई प्रदीप भारद्वाजले लेखेका हुन् ।

हरि हुमागाईं र उत्तम हुमागाईंको छायांकन, सुनिल शिवभक्तिको सम्पादन रहेको फिल्म टिफल्क फिल्मस्ले वितरण गर्नेछ । फिल्मको डिजिटल राइट्स जी टु वान डिजिटलले खरिद गरेको छ ।



एमएम कप एकदिवसीय क्रिकेट

# उपाधिका लागि पुलिस र आर्मी भिड्ने



■ प्रभाव संवाददाता

**विराटनगर–** विभागीय टोलि नेपाल पुलिस क्लब बिराटनगरमा जारि एमएम कप एकदिवसीय राष्ट्रिय प्रतियोगिताको फाइनल प्रवेश गरेको छ । बिहिबार सम्पन्न प्रतियोगिताको समुह चरणको अन्तिम खेलमा पुलिसले भारतको आसाम क्रिकेट क्लब टिमलाई पराजित गर्दै फाइनलमा अर्को विभागीय टोलि त्रिभुवन आर्मी क्लबसँगको भेट पक्का गरेको हो । पुलिस समुह 'बि' को विजेता बन्दा आसाम र कोशी प्रदेश भने बाहिरिएका छन् । समुह 'ए' को विजेताको रूपमा आर्मी यस अघिनै फाइनल प्रवेश गरिसकेको छ ।

उपाधिको लागि शनिबार त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ । खेल बिहान ९ बजे सुरु हुनेछ । बिराटनगरको बैजनाथपुर स्थित गिरिजाप्रसाद कोइराला क्रिकेट मैदानमा सम्पन्न खेलमा पुलिसले ६ विकेटको जित दर्ता गरेको हो ।

अघिल्लो खेलमा कोशी प्रदेशसँग पराजित भएको पुलिसले फाइनल पुग्न आसामले दिएको १५५ रनको लक्ष्य २८ ओभरमा पछ्याउनु पर्ने थियो । पुलिसले २६. १ ओभरमा ४ विकेट मात्र गुमाएर जित दर्ता गरेपछि उपाधिको अन्तिम दौडमा पुगेको हो ।

पुलिसको ब्याटिङमा अमित श्रेष्ठ र कप्तान शंकर रानाले अविजित रहँदै अर्धशतकीय योगदान दिए । अमितले ७२ बलमा ५ चौका र ३ छक्का मद्दतले ७१ रन बनाए । यस्तै छैठौं नम्बरमा ब्याटिंग गरेका शंकरले ६७ बलमा ४ चौका र ४ छक्का मद्दतले ६३ रन बनाए ।

४३ रनमा ४ विकेट गुमाएको अवस्थामा अमित र शंकरले पाँचौ विकेटको लागि अविजित ११७ रनको साझेदारी गर्दै जितसम्म पुऱ्याए ।

आसामको ब्याटिङमा गोकुल शर्माले सर्वाधिक ३ विकेट लिए । चिरन्तन खात्तिनियरले १ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ रोजेको आसामले ४२. २ ओभरमा १ सय ५४ रन बनाउँदा सबै विकेट गुमायो ।

आसामको लागि ओपनर राज विश्वले सर्वाधिक ३३ रन योगदान दिए । यस्तै अरुण सोनारले ३१, केभिन संजिवले २३ तथा हियम कश्यपले १९ रन बनाए । पुलिसको बलिंगमा देब्रे हाते स्पिनर अरुण ऐरी र दायाँ हाते पेसर श्रवन यादवले ३/३ विकेट लिए । ऐरीले ९ ओभरमा १ मेडन गर्दै १७ रन खर्चिए भने यादवले ३ ओभरमा ७ रन खर्चिए । बिपिन खत्री, सुनिल दौल्याल, चित्र बिस्ट र दिपक डुम्रेले १/१ विकेट लिएका थिए ।

## बुढानीलकण्ठ फाइट नाइटको तयारी पूरा

**काठमाडौं (प्रस)–** यही वैशाख २० गते हुने बुढानीलकण्ठ फाइट नाइटको तयारी पूरा भएको छ । बुढानीलकण्ड हात्तिगौडा खेलकुद कमिटीको आयोजनामा हुने फाइट नाइटको सम्पूर्ण तयारी पूरा भएको बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

प्रतियोगितामा नेपाल बाहेक भारत र थाइल्याण्डका खेलाडी पनि सहभागी हुने आयोजक कमिटीका अध्यक्ष निलम अधिकारी (श्री) ले जानकारी दिए । अन्तर्राष्ट्रिय खेलाडीहरू बोलाएर नेपाली खेलाडीहरूसँग प्रतिस्पर्धा गराउने र नेपाली खेलाडीको स्तर पनि बढाउने अवसरको रूपमा रहेको अधिकारीले बताए । प्रतियोगिताको मुख्य इभेन्टमा नेपालका मिलन तामाङ र थाइल्याण्डका असादा रकमितबीच प्रतिस्पर्धा हुनेछ । नेपाल र विदेशी खेलाडीबीच सात फाइट हुनेछ । दुई फाइट भने नेपाली खेलाडीबीच हुनेछ । महिलाको दुई फाइट हुनेछ ।

## ग्लेन म्याक्सवेलको औंला भाँचियो

**काठमाडौं–** पञ्जाब किंग्सका विस्फोटक ब्याट्सम्यान ग्लेन म्याक्सवेलको औंला भाँचिएको छ । उनी २०२५ को आइपिएलबाट लगभग बाहिरिसकेका छन् । पञ्जाबका कप्तान श्रेयस अय्यरले टसको समयमा उनको चोटको बारेमा जानकारी दिएका थिए ।

मार्कस स्टोइनिसले पनि आफ्नो औंला भाँचिएको पुष्टि गरे । 'दुर्भाग्यवश म्याक्सीको औंला भाँचिएको छ । अभ्यासको क्रममा उसको औंला भाँचिएको थियो । उसको स्क्यान गरिएको थियो । तर नतिजा राम्रो आएन । त्यसैले म्याक्सी प्रतियोगिताबाट लगभग बाहिरिसकेको छ,' उनले भने ।

एसियन गेम्स

# क्रिकेट पनि समावेश




■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी वर्ष जापानको नागोयामा हुने एसियाली खेलकुद (एसियन गेम्स) मा क्रिकेटलाई पनि समावेश गरिने भएको छ ।

एसियाली ओलम्पिक परिषद (ओसिए) क्रिकेटलाई २०२६ को कार्यक्रमका लागि स्वीकृति दिइएको हो । गत वर्ष हाङ्झाउमा भएको गेम्समा पनि क्रिकेट समावेश थियो । ओसिएले आफ्नो विज्ञप्तिमा भनेको छ, 'क्रिकेटको खेलस्थल आइचि प्रिफेक्चरमा हुनेछ तर ठ्याक्कै स्थान तोकिएको छैन ।'

क्रकेट दक्षिण एसियामा निकै लोकप्रिय खेल भएकाले यसमा व्यापक चासो रहँदै आएको छ । साथै, सन् २०२८ को लस एन्जलस ओलम्पिकमा समेत क्रिकेटलाई टी-२० फर्म्याट समावेश गरिने तयारी छ ।

सन् २०१८ मा जकार्तामा आयोजित एसियाली खेलकुदबाट क्रिकेट हटाइएको थियो । तर, हाङ्झाउमा यसले पुनरागमन गरेको हो । तर, टी-२० प्रतियोगितामा एकतर्फी नतिजा आएको थियो । नेपालले त मंगोलियाविरुद्ध ३१४ रनको विश्व कीर्तिमान बनाएको थियो । यस्तै, दीपेन्द्रसिंह ऐरीले नौ बलमा अर्धशतक प्रहार गरेका थिए । कुशल मल्लले ३४ बलमै शतक प्रहार गर्दै विश्व कीर्तिमान राखेका थिए ।

वर्षाले प्रभावित भएको फाइनलमा भारतलाई अफगानिस्तानभन्दा वरीयतामा माथि रहेको भन्दै स्वर्ण पदक प्रदान गरिएको थियो । नागोया जापानको तेस्रो सहर हुनेछ, जसले एसियाली खेलकुद आयोजना गर्न लागेको छ । यसअघि सन् १९५८ मा टोकियो र १९९४ मा हिरोसिमाले प्रतियोगिता आयोजना गरेका थिए ।

हाङ्झाउमा सम्पन्न पछिल्लो संस्करणमा ४५ देशबाट १२ हजार भन्दा बढी खेलाडीले ४० खेलमा प्रतिस्पर्धा गरेका थिए । चीनले लगातार ११औं पटक पदक तालिकामा शीर्ष स्थान ओगटेको थियो ।



माल्टाको स्लीमामा भएको माल्टा अन्तर्राष्ट्रिय आतिशबाजी महोत्सवको भव्य समापनका क्रममा गरिएको ड्रोन प्रदर्शनी । *तस्बिरः सिन्ह्वा*

# अर्को जनगणनामा जातीय विवरण समेट्दै भारत

**नयाँदिल्ली–** भारतले आफ्नो अर्को जनगणनामा जातीय विवरणहरू समावेश गर्ने भएको छ । यो जनगणनाले विश्वको सबैभन्दा बढी जनसंख्या भएको देशका लागि व्यापक सामाजिक-आर्थिक र राजनीतिक प्रभाव पार्ने सम्भावना छ ।

दशकमा एक पटक हुने जनसंख्या सर्वेक्षण सुरुमा सन् २०२१ मा हुने थियो तर मुख्यतया कोभिड-१९ महामारी र प्रतिबन्धात्मक अवरोधहरूका कारण ढिलाइ भएको छ । सूचनामन्त्री अश्विनी वैष्णवले बुधबार जनगणनामा जातीय जानकारी समावेश गर्ने घोषणा गर्दा जनगणना कहिले सुरु हुनेछ भन्ने बारेमा केही बताए । उनले यो निर्णयले 'समाज र देशका मूल्य र हितहरूप्रति' नयाँदिल्लीको प्रतिबद्धता देखाएको बताए ।

भारतीय जीवन र राजनीतिमा जातिगत व्यवस्था अझै पनि महत्त्वपूर्ण छ । यद्यपि केही मानिस विकसित अर्थव्यवस्था बन्न चाहने राष्ट्रमा यसको स्थान हुनु हुँदैन भन्छन् । भारतसँग कुनै विशेष जातिमा पर्ने मानिसहरूको संख्या र उनीहरूको सामाजिक-आर्थिक स्थितिको बारेमा सीमित तथ्यांक छ ।

औपनिवेशिक शक्ति बेलायतले सन् १८७२ मा भारतीय जनगणना सुरु गरेको थियो र सन् १९३१ सम्म सबै जातिको गणना गरेको थियो । यद्यपि, सन् १९५१ देखि स्वतन्त्र भारतले दलित र आदिवासीहरूलाई मात्र गणना गरेको छ । यसलाई क्रमशः अनुसूचित जाति र जनजाति भनिन्छ । अरू सबैको जातिलाई सामान्यका रूपमा चिह्न लगाइएको छ ।

भारतको प्राचीन सामाजिक पदानुक्रममा मुख्यतया पेसा र आर्थिक स्थितिमा आधारित सयौं जाति र उपजाति छन् । सन् २०११ को अन्तिम आधिकारिक जनगणनामा एक अर्ब २१ करोड मानिस गणना गरिएको थियो । तीमध्ये २० करोड अनुसूचित जाति र १० करोड ४० लाख अनुसूचित जनजाति थिए ।

सकारात्मक कार्य योजनाहरू तयार गर्न नयाँ गणना प्रयोग गर्न सकिन्छ । भारतले सरकारी जागिर, कलेज भर्ना र गाउँ परिषद्देखि संसद्सम्म निर्वाचित सिटहरू केही वर्गका जातिका लागि आरक्षित गर्दछ । अन्य निम्न र मध्यवर्ती जातिहरूका धेरै तहहरूको कयौं दशकदेखि आधिकारिक गणना गरिएको छैन तर तिनीहरूले देशको एक अर्ब ४० करोडभन्दा बढी जनसंख्याको लगभग आधा हिस्सा बनाउँछन् ।

यिनीहरूलाई अन्य पिछडिएका जातिहरू वा ओबिसीका रूपमा मान्यता दिइएको छ र नयाँ जनगणनाले उनीहरूको बढी जनसंख्या देखाउने अपेक्षा गरिएको छ । यसले सरकारी जागिर, भर्ना र कल्याणकारी कार्यक्रमहरूमा कोटाको सीमा बढाउने मागहरू निम्त्याउने सम्भावना छ । भारतको वर्तमान नीतिले समग्र आरक्षण कोटालाई ५० प्रतिशतमा सीमित गर्दछ र यसमध्ये ओबिसी श्रेणीको हिस्सा २७ प्रतिशत छ । जनगणनामा जाति समावेश गर्ने घोषणा भारतको सबैभन्दा गरिब राज्य बिहारमा चुनाव हुनुभन्दा केही महिना अगाडि आएको हो । बिहारमा जाति एउटा प्रमुख मुद्दा हो । *रासस/एपी*

# युक्रेन र अमेरिकाद्वारा खनिज सम्झौतामा हस्ताक्षर

**वासिङ्टन–** संयुक्त राज्य अमेरिका र युक्रेनले बुधबार दुई महिनाको ढिलाइपछि खनिज सम्झौतामा हस्ताक्षर गरेका छन् । सम्झौतालाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले सैन्य सहायता समाप्त भएपछि किएभप्रति अमेरिकी प्रतिबद्धताको नयाँ रूप भनेको छ । युक्रेनले लामो वार्तापछि आफ्ना प्रमुख हितहरू सुरक्षित गरेको बताएको छ । यसमा आफ्नै दुर्लभ धातुहरूमाथि पूर्णसार्वभौमिकता पनि समावेश छ, जुन नयाँ प्रविधिहरूका लागि अत्यावश्यक छन् र अहिलेसम्म धेरै जसो प्रयोग नभएका छन् ।

तीन वर्षअघि रुसले आक्रमण गरेपछि पूर्वराष्ट्रपति जो बाइडेनको नेतृत्वमा पठाइएको अमेरिकी हतियारको क्षतिपूर्तिका रूपमा ट्रम्पले सुरुमा युक्रेनको खनिज सम्पत्तिको अधिकारको माग गरेका थिए । ट्रम्पले विश्वभरका अमेरिकी सुरक्षा प्रतिबद्धताहरूलाई तीव्र रूपमा कम गर्न खोजिरहेकाले प्रारम्भिक हिचकिचाहटपछि युक्रेनले संयुक्त राज्य अमेरिकाको दीर्घकालीन लगानी सुरक्षित गर्ने तरिकाका रूपमा खनिज सम्झौतालाई स्वीकार गरेको छ ।

वासिङ्टनमा सम्झौताको घोषणा गर्दै अर्थमन्त्री स्कट बेसेन्टले 'युक्रेनमा स्थायी शान्ति र समृद्धिका लागि दुवै पक्षको प्रतिबद्धता' देखाएको बताए । 'यो सम्झौताले रुसलाई ट्रम्प प्रशासन लामो समयसम्म स्वतन्त्र, सार्वभौम र समृद्ध युक्रेनमा केन्द्रित शान्ति प्रक्रियामा प्रतिबद्ध छ भन्ने स्पष्ट सन्देश दिन्छ,' बेसेन्टले भने, 'र, स्पष्ट रूपमा रूसी युद्ध मेसिनलाई वित्त पोषण वा आपूर्ति गर्ने कुनै पनि राज्य वा व्यक्तिलाई युक्रेनको पुनर्निर्माणबाट फाइदा लिन अनुमति दिइने छैन ।'

अर्थमन्त्रीको वक्तव्यमा युक्रेनमा रुसको 'पूर्णस्तरको आक्रमण' उल्लेख गरिएको छ । यो ठूलो मात्रामा जिम्मेवारी बोक्ने 'संघर्ष' भन्ने ट्रम्प प्रशासनको सामान्य व्याख्याबाट फरक छ । किएभमा प्रधानमन्त्री डेनिस स्मिगलले सम्झौता 'राम्रो, समान र फाइदाजनक' भएको बताए ।

उनले दुई देशले प्रत्येक पक्षलाई समान मतदान अधिकार भएको पुनर्निर्माण लगानी कोष स्थापना गर्ने र युक्रेनले 'आफ्नो भूमिगत, पूर्वाधार र प्राकृतिक स्रोतहरूमा पूर्णनियन्त्रण' राख्ने बताए । किएभका लागि प्रमुख चिन्तालाई सम्बोधन गर्दै उनले युक्रेनलाई सन् २०२२ फेब्रुअरीमा रुसले आक्रमण गरेदेखि अमेरिकी समर्थनमा अर्बौं डलरको कुनै पनि 'ऋण' फिर्ता गर्न नभनिएको बताए । 'कोषको नाफा युक्रेनमा



मात्र पुनः लगानी गरिनेछ,' उनले भने ।

युक्रेनी अर्थमन्त्री युलिया स्विरिडेन्कोले सम्झौताले खनिज र तेल तथा ग्यास परियोजनाहरूका साथै 'सम्बन्धित पूर्वाधार वा प्रशोधन' लाई वित्तीय सहयोग गर्ने जानकारी दिए । ट्रम्पले प्रारम्भमा पाँच खर्ब डलर मूल्यबराबरको खनिज सम्पत्ति खोजेका थिए । यो युद्धदेखि युक्रेनलाई संयुक्त राज्य अमेरिकाले योगदान गरेको रकमको लगभग चार गुणा हो ।

## खराब कर्ताहरुविरुद्ध अमेरिकी उपस्थिति

ट्रम्पले युक्रेनलाई सुरक्षा ग्यारेन्टी दिन अस्वीकार गरेका छन् र नाटोमा सामेल हुने युक्रेनको आकांक्षालाई अस्वीकार गरेका छन् । तर उनले बुधबार जमिनमा अमेरिकी उपस्थितिले युक्रेनलाई फाइदा पुर्‍याउने बताए ।

'अमेरिकी उपस्थितिले, मलाई लाग्छ, धेरै खराब कर्ताहरूलाई देशबाट वा निश्चित रूपमा हामीले उत्खनन गरिरहेको क्षेत्रबाट बाहिर राख्ने छ,' ट्रम्पले क्याबिनेट बैठकमा भने ।

न्युज नेसनसँगको टाउन हलमा पछि बोल्दै ट्रम्पले भ्याटिकनमा हालैको बैठकमा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई 'रुस धेरै ठूलो र धेरै बलियो छ' भन्दै सम्झौतामा हस्ताक्षर गर्नु 'धेरै राम्रो कुरा' हुने बताए ।

खनिज सम्झौताले रुसी नेता भ्लादिमिर पुटिनलाई 'अवरोध' गर्ने छ कि भनेर सोधिएको प्रश्नमा ट्रम्पले भने, 'ठीक छ, यो हुन सक्छ ।' विदेशमन्त्री मार्को रुबियोले मंगलबार दुवै पक्षले 'ठोस प्रस्तावहरू' अगाडि नल्याएसम्म मध्यस्थता छोड्ने धम्की दिएका थिए ।

आफ्नो दोस्रो कार्यकाल सुरु गरेदेखि ट्रम्पले युक्रेनले रुसले कब्जा गरेको केही क्षेत्रलाई त्याग्ने सम्झौताका लागि दबाब दिएका छन् । रुसले कम्तीमा ३० दिनको युद्धविरामका लागि अमेरिकी समर्थित प्रस्तावहरूलाई अस्वीकार गरेको छ । अन्तर्राष्ट्रिय समुदायको समर्थनमा जेलेन्स्कीले सन् २०१४ मा कब्जा गरिएको कृष्ण सागर प्रायद्वीप क्रिमिया रुसलाई औपचारिकरूपमा दिने कुनै पनि कुरा अस्वीकार गरेका छन् ।

तर जेलेन्स्कीले फेब्रुअरी २८ मा ह्वाइट हाउसमा भएको विनासकारी बैठकपछि ट्रम्पको कूटनीतिका लागि आवाज उठाउन ख्याल राखेका छन् । उक्त बैठकमा ट्रम्प र उपराष्ट्रपति जेडी भान्सले उनलाई अमेरिकी सहायताका लागि कथित रूपमा कृतघ्न भएको भन्दै आलोचना गरेका थिए । सम्झौतालाई 'ट्रम्पको युक्रेनमाथिको जबरजस्ती सम्झौता' भन्दै सदनको विदेश मामिला समितिका डेमोक्रेट श्रेणीका अमेरिकी सांसद ग्रेगरी मिक्सले भने, 'ट्रम्पले अब जेलेन्स्की र युक्रेनमा 'फिक्सेसन' गर्नुको साटो पुटिनमाथि दबाब दिने प्रयासमा ध्यान केन्द्रित गर्नुपर्छ ।' *रासस/एएफपी*

# मध्यपूर्व र उत्तर अफ्रिकाको आर्थिक वृद्धिदर घट्ने आइएमएफको पूर्वानुमान

**दुबई–** अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)ले बिहीबार मध्यपूर्व र उत्तर अफ्रिकाका लागि सन् २०२५ को आर्थिक पूर्वानुमान घटाएको छ । त्यहाँ व्यापार तनाव र बढ्दो अनिश्चितताले वृद्धिमा असर गर्ने अपेक्षा गरिएको छ ।

'सन् २०२५ र २०२६ मा अझै पनि वृद्धि बढ्ने अनुमान गरिएको छ, तर गत अक्टोबरमा अनुमान गरिएको भन्दा निकै सुस्त गतिमा,' आइएमएफले बिहीबार प्रकाशित गरेको आफ्नो क्षेत्रीय प्रतिवेदनमा भनेको छ ।

आइएमएफले सन् २०२५ का लागि चार प्रतिशतबाट २.६ प्रतिशत र सन् २०२६ का लागि ४.२ प्रतिशतबाट ३.४ प्रतिशतमा वृद्धिको अनुमान गरेको छ । यो संशोधनले 'विश्वव्यापी व्यापार तनाव र उच्च विश्वव्यापी अनिश्चितता, तेल उत्पादनमा अधिक क्रमिक सुधार, यस क्षेत्रमा द्वन्द्वको लामो प्रभाव र केही देशमा संरचनात्मक सुधारहरूमा अपेक्षाभन्दा ढिलो प्रगति' लाई प्रतिविम्बित गर्दछ ।

तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा लगाइएको भन्सार शुल्कले यस क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने अपेक्षा गरिएको छैन । 'यस क्षेत्रका देशहरू र संयुक्त राज्य अमेरिकाबीचको आर्थिक एकीकरण सीमित छ र ऊर्जा क्षेत्रलाई भन्सार शुल्कबाट छुट दिइएको छ,' मध्यपूर्व र मध्य एसियाका लागि आइएमएफका निर्देशक जिहाद अजौरले भने, 'तर अनिश्चितताले विश्वभर लगानी सम्भावना, वित्तीय बजार र तेलको मूल्यमा भार थप्छ, जसले मन्दीलाई बढाउँछ ।'

'चलिरहेका द्वन्द्वहरू र विस्तारित स्वेच्छिक तेल उत्पादन कटौती' का कारण सन् २०२४ मा यस क्षेत्रमा औसत वृद्धि अघिल्लो वर्षको २.१ प्रतिशतबाट १.८ प्रतिशतमा झरेको थियो । यस क्षेत्रका तेल निर्यात गर्ने देशहरूका लागि सन् २०२५ को वृद्धिको पूर्वानुमान पहिलेको अनुमानको तुलनामा १.७ प्रतिशत विन्दुले संशोधन गरिएको छ ।

यस क्षेत्रका तेल-धनी देशहरूबीच महत्त्वपूर्ण असमानता रहेको छ । यस वर्ष खाडी राज्यहरूका लागि तीन प्रतिशतको वृद्धि हुने अनुमान गरिएको छ भने इराकले १.५ प्रतिशतको गिरावट देख्ने अपेक्षा गरिएको छ । युद्धग्रस्त सुडान, यमन र प्यालेस्टिनी क्षेत्रहरूमा आर्थिक सम्भावनाहरू निराशाजनक छन् । 'सन् २०२१ देखि अन्तर्राष्ट्रिय सहायता करिब २५ प्रतिशतले घटेको छ र यो प्रवृत्ति तीव्र हुने सम्भावना छ,' अजौरले भने ।

आइएमएफले लेबनानका लागि कुनै अनुमान प्रदान गरेको छैन । लेबनान अझै विनासकारी इजरायल-हिजबुल्लाह युद्ध र २०२४ मा ७.५ प्रतिशत आर्थिक संकुचनको प्रभावबाट ग्रस्त छ । एक दशकभन्दा बढी समयको गृहयुद्धबाट बाहिर आएको सिरियाका लागि कुनै अनुमान उपलब्ध थिएन ।

अजौरका अनुसार पुनर्निर्माणले ती देशहरूमा पुनरप्राप्तिलाई ट्रिगर गर्न सक्छ, तर यसका लागि महत्त्वपूर्ण कोष चाहिन्छ । 'द्वन्द्वग्रस्त देशहरूलाई पुनर्निर्माण गर्न मद्दत गर्न खाडी देशहरू इच्छुक छन्,' उनले भने, 'तर यी देशहरूले आर्थिक र सामाजिक सन्तुलन पुनःस्थापना गर्न र विश्वास पुनः प्राप्त गर्न आवश्यक सुधारहरू कार्यान्वयन गर्नु महत्त्वपूर्ण छ ।' *रासस/एएफपी*


**Pipra Rural Municipality**

**office of The Rural Municipality Executive**

**Pipara, Mahottari.**

**Madhesh Provancre**

**Invitation For E-Bid**

**Date of First Publication:2082/01/19 (2025/5/02)**

**Pipra Rural Municipality, pipra Mahottari**, invites Electronic Bid From eligible bidders for following Good under National Competitive Bidding.All other information and Bid Documents can be download from PPMOS website www.bolpatra.gov.np/egp.Eligible Requested to Submit E-Bid with the required document with in the period Mentioned in E-Bid Document.

| S.N. | Contract No: | Descriptions of Work | Estimated Cost(without Vat,PS& contingency) | Min Bid Security NRs. | Price of Bid Document NRs. | Last Date of Bid Submission Date |
|---|---|---|---|---|---|---|
| 1 | PRM/NCB/ GOOD/ 81/82/01 | Supplying of Shallow tube well from ward no.1 to 7 at pipra Rural Municipality | 11180455.00 | NRs 300000 | NRs 3000.00 | 2082/02/18 (01/06/2025) |

**Chief Admi Officer**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८३५०० | प्रति तोला – ० | प्रति तोला – १९१५ |



अन्तर्राष्ट्रिय श्रमिक दिवसका दिन बिहीबार मोरङको बेलबारीस्थित एक फर्निचर उद्योगमा काठको काम गर्दै महिला श्रमिक ।
*तस्बिर : विवेक मिश्र/रासस*

## तनहुँ जलविद्युत् आयोजना प्रभावितलाई क्षतिपूर्ति वितरण

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)** – तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको संरचना निर्माणका क्रममा विस्फोट गर्दा क्षति भएकामध्ये ९४ प्रतिशत परिवारलाई क्षतिपूर्ति वितरण गरिएको छ ।

चरण-१ अन्तर्गतका संरचना निर्माणका क्रममा विस्फोट गर्दा आयोजना आसपासका क्षेत्रमा पुगेको असर तथा क्षति पुगेका परिवारलाई आयोजनाले क्षतिपूर्ति रकम वितरण गरेको हो ।

ऋषिङ-१ र व्यास नगरपालिका-५ का गरी एक सय ४७ परिवारका घर तथा संरचनाको क्षति निर्धारण गरेपश्चात एक सय ३९ परिवारलाई रकम वितरण गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । उनका अनुसार बाँकी परिवारको रकम वितरणको प्रक्रियामा छ ।

भण्डारीले क्षति भएका घरको अनुगमन पश्चात अधिकतम रु तीन लाख र न्यूनतम रु दश हजार क्षतिपूर्ति बापत रकम तोकिएको जानकारी दिए । उनले भने, 'जिल्ला प्रशासन कार्यालयले गठन गरेको समितिले निर्धारण गरेबापतको रकम वितरण गरिएको छ । छ प्रतिशत परिवारले मात्रै रकम बुझ्न बाँकी छ ।'

संरचना निर्माण गर्दा घरमा क्षति पुगेको भन्दै स्थानीयबाट निवेदन आएपछि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको थियो । सो समितिमा पूर्वाधार विकास कार्यालयका इञ्जिनियर, आयोजनाका इञ्जिनियरलगायत सदस्य छन् ।

आयोजनाको चरण-१ अन्तर्गत बाँधलगायत संरचना निर्माण भइरहेको छ । यस चरणअन्तर्गतका संरचनाको निर्माण सोङ्दा कालिका जेभीले गरिरहेको छ । हालसम्म ४२ दशमलव पाँच प्रतिशत प्रगति भएको प्रमुख भण्डारीले उल्लेख गरे । यसअन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माण गर्न पूर्वतयारीका कार्य भइरहेका छन् ।

भण्डारीका अनुसार बाँधको जग निर्माणस्थलमा जम्मा भएको पानी फाल्ने, टावर क्रेन जडानलगायत कार्य सम्पन्न गरिएको छ । उनले भने, 'बाँध निर्माणस्थलको तल्लो तटीय क्षेत्रमा सफा गर्न, ड्रिलिङ, कङ्क्रिटिङ र माथिल्लो तटीय क्षेत्रमा ड्रिलिङ, ग्राउटिङलगायत काम जारी छ ।'

कोशी प्रदेश लगानी सम्मेलन

## 'लगानीको वातावरण उपयुक्त'

■ प्रभाव संवाददाता



**विराटनगर** – प्रधानमन्त्री केपी शर्मा ओलीले कोशी प्रदेशमा लगानीको उपयुक्त वातावरण भएको दाबी गरेका छन् । विराटनगरमा बिहीबारदेखि सुरु भएको कोशी प्रदेश लगानी सम्मेलनमा लगानीकर्तालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् ।

उनले यातायातको सञ्जाल भएको, समुन्द्रसँगको छोटो दुरी रहनु, विद्युत्को समस्या नहुनु, शान्ति सुरक्षा मजबुत अवस्थामा रहेको भन्दै लगानीको उपयुक्त समय भएको दाबी गरे ।

उनले नडुब्ने खालको उद्यमशीलतामा जोड दिन युवा वर्गलाई आग्रह गरे । 'नेपालमा उपयुक्त लगानीको वातावरण छ । लगानीकर्ता, मजदुर र सरकारबिच कुनै मनमुटाब छैन,' ओलीले भने, 'नेपालमा श्रमिक, रोजगारदाता र सरकारकाबीचमा भएका सहमति अनुसार आइएलओको सिद्धान्त प्रभावकारी कार्यान्वयन गरिएको छ ।'

उनले नेपालमा लगानीका लागि ढुक्कको वातावरण रहेको पनि बताए । 'एउटा ढुक्कको वातावरण छ । त्यसो भएर अनुकूल वातावरण भएको हिसाबले पनि लगानीकर्ताले ढुक्कले लगानी गर्न सक्नुहुन्छ,' उनले भने । कोशी प्रदेशमा यातायातको पूर्वाधार राम्रो बनिरहेको बताउँदै उनले लगानीकर्ताले सामान बजार पठाउने बेलासम्ममा सबै सडक पूर्वाधारहरू बनिसक्ने बताए ।

उनले उद्योगीले चाहेको कच्चा पदार्थ जहाँ चाहियो त्यहाँसम्म पुऱ्याउन सक्ने व्यवस्था रहेको, हवाई मैदान राती पनि उड्नसक्ने बनाएको पनि उनले बताए । 'बिजुली गाउँभरि पुगेको छ । त्यसकारण लगानीका लागि उपर्युक्त वातावरण छ । अब छिट्टै हामी नदीको बाटोबाट सामान र मानिसहरूको आवागमन सुरु गर्न सक्छौं । कलकत्तासम्मका लागि । छिटो र सस्तो लागतमा ल्याउन सकिन्छ । हनुमान नगरमा पोर्ट राखेर गंगाको बाटो हुँदै हामी ल्याउन सक्छौं । हामी कुरा गरिरहेका छौं । बिचमा केही ढिलासुस्ती भयो । अब हामी गर्दैछौं । यो अर्को लगानीको लागि अनुकूल वातावरण हो,' प्रधानमन्त्रीले भने ।

कलकत्ता पोर्ट नजिकै रहेको, भारतमा करोडौं जनसफ्या रहेको कारण कोशी प्रदेश लगानीको सम्भावना भएको क्षेत्र भएको उनले दाबी गरे । उनले संघीय सरकारले अध्यादेशमार्फत ऐन ल्याएर लगानीको वातावरण बनाएको कारण अप्ठ्यारो नभएको बताए । छिमेकी मुलुक भारततिर लक्षित गर्दै उनले स्वास्थ्य र शिक्षाको क्षेत्रमा लगानी गरे छिमेकी पनि लाभान्वित हुनसक्ने बताए । जडीबुटी कारखाना प्रशस्त चल्ने उनले बताए ।

विराटनगर कुनै बेला नेपालको एक मात्र औद्योगिक क्षेत्र भएको स्मरण गर्दै अहिले केही पछि परेपनि पुनः पुरानै अवस्थामा फर्किने उनले विश्वास दिलाए । 'देशभित्रका उद्यमीलाई आग्रह गर्न चाहन्छु । राम्रो प्रतिफलका लागि लगानी गरौं । बाहिरका साथीहरूको लागि आग्रह गर्न चाहन्छु । तपाईंहरूले कमाएको नाफा कानुन बमोजिम लान सक्नुहुन्छ । डबल ट्याक्सेसनको समस्या पर्दैन । जुनदेशमा कमाइन्छ, कमाएको देशमा ट्याक्स तिर्ने, प्रमाणपत्र लिएर जाने र ओरिजन आफ्नो देशमा मुनाफा लान पाउँछ । त्यहाँ कर लाग्दैन । यस विषयमा हामी एग्रिमेन्ट पनि गर्छौं । सरकारले अरू कुनै समस्या पर्न दिइँदैन,' ओलीले भने ।

उनले आगामी आर्थिक वर्षदेखि उद्यमशीलता दशक मनाउने पनि सङ्केत गरे । 'उद्यमशीलता दशक मनाउनु पर्छ । उद्यमशीलता मनाएपछि रोजगारी प्राप्त हुन्छ । सरकारी रोजगारी कति ठाउँ हुन्छ ? को रिटायर्ड होला र जागिर दिने ? वर्षमा ४ लाख ५ लाख मानिस रोजगारीका लागि तयार हुन्छन् । हामी २०-२५ हजारलाई रोजगार दिइरहेका छौं । त्यसकारण म युवाहरूलाई रोजगारी खोज्न भन्दा उद्यमशीलतामा लाग्न आग्रह गर्दछु,' ओलीले भने ।

कोशी प्रदेश सरकारले महत्वका साथ गर्न लागेको प्रदेश लगानी सम्मेलन आज विराटनगरमा उद्घाटन भएको हो । विराटनगरस्थित विरेन्द्र सभागृहमा आयोजित उद्घाटन समारोहमा चीन, रुस, अमेरिका, दक्षिण कोरिया, भारत लगायतका देशका लगानीकर्ता र गैरआवासीय नेपालीहरूको सहभागिता रहेको प्रदेश सरकारको दाबी छ । यस्तै स्वदेशका प्रतिष्ठित उद्योगपतिहरू पनि यो लगानी सम्मेलनमा सहभागी छन् ।

लगानी सम्मेलनमा एक खर्ब ७३ अर्ब ४९ करोड बराबरका ७१ वटा परियोजनाहरू सोकेसिङमा राखेको छ । जसमा कृषि, पर्यटन, ऊर्जा, उद्योग, पूर्वाधार, आइटिलगायतका क्षेत्रहरू छन् । लगानी सम्मेलनकै क्रममा दुई दर्जन बढी परियोजनामा भने सम्झौता (एमओयु) नै हुने लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक डा. सरोज कोइरालाले जानकारी दिए ।

## आइएफसी र महासंघबीच सहकार्यमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तरराष्ट्रिय वित्त निगम (आइएफसी) र नेपाल उद्योग वाणिज्य महासंघबीच नेपालको आर्थिक विकास, रोजगारी तथा आपसी सहकार्यका विषयमा छलफल भएको छ । आइएफसीका दक्षिण एसिया क्षेत्रका प्रमुख ग्रेगोरी स्मिथ तथा उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालबीच महासंघ सचिवालयमा भएको भेटवार्ता आपसी सहकार्य र समन्वयका विविध पक्षमा छलफल भएको हो ।

आइएफसीका स्मिथले नेपालको आर्थिक विकासमा वाणिज्य महासंघसँग सहकार्य गर्न आइएफसीका तयार रहेको बताए । उनले नेपालको निजी क्षेत्रलाई सबल बनाउने उद्देश्यले अन्तरराष्ट्रिय वित्त निगमले ज्ञानसम्बन्धी साझेदारी, साना तथा मझौला उद्यमको क्षमता विकास र युवाका लागि अर्थपूर्ण रोजगारीका मार्ग सुनिश्चित गर्न सहकर्य गर्ने उल्लेख गरे ।

महासंघका उपाध्यक्ष ढकालले महासंघले विगतमा पनि आइएफसीसँग गरेको सहकार्यमा साना तथा सझौता उद्यमसम्बन्धी काम गरिएको जानकारी गराउँदै नेपालको निजी क्षेत्रको सुदृढीकरणका लागि आइएफसिको सहयोग प्रतिआभार व्यक्त गरे ।

'सन् २०२२ मा महासंघ र अन्तरराष्ट्रिय वित्त निगमले संयुक्त रूपमा तयार पारेको 'नेपालको निजी क्षेत्रको अवस्था'सम्बन्धी प्रतिवेदनलाई विशेष महत्वका रूपमा लिएका छौं । उक्त अध्ययनले नेपालको निजी क्षेत्रका शक्ति, चुनौती र सम्भावनालाई उजागर गर्दै नीति निर्माण र लगानीका लागि मार्गनिर्देशक भूमिका खेलेको छ', उनले भने । महासंघको लगानी तथा अन्तरराष्ट्रिय मामिला फोरमका सभापति मनोज पौडेलले निजी क्षेत्रले पर्यटन, सूचना प्रविधि, कृषि, शिक्षा तथा स्वास्थ्यलगायत क्षेत्रमा उल्लेखनीय योगदान गरेको बताउँदै आइएफसीसँगको सहकार्यले निजी क्षेत्रको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले ज्ञान आदानप्रदान, वित्तीय पहुँचको सहजता, हरित अर्थतन्त्रको प्रवर्द्धन, डिजिटल रूपान्तरण र साना तथा मझौला उद्योगको क्षमता विकासलगायत क्षेत्रमा अन्तरराष्ट्रिय वित्त निगमको प्राविधिक तथा संस्थागत सहकार्यको अपेक्षा राखे ।

## यार्सागुम्बा खोज्न लेकतिर



**गोरखा (प्रस)–** चुमनुब्री गाउँपालिका-७ छेकम्पारका बासिन्दा यार्सागुम्बा टिप्न लेकतिर जान थालेका छन् । मौसम सुरु हुने बित्तिकै छेकम्पारवासी यार्सागुम्बा संकलन गर्न छेके र बाजुको लेकतिर जान थालेका स्थानीय छिरिङफुञ्जो लामाले जानकारी दिए ।

'कतिपय हिँडिसके, कतिपय जाने तयारीमा छन्', उनले भने, 'मौसम बिग्रिएर दुःख दिइरहेको छ ।' चुमनुब्री-१ सामागाउँ र वडा नं ७ छेकम्पारका लेकमा उच्च गुणस्तरको यार्सागुम्बा पाइन्छ । यसलाई उत्तरी गोरखाका बासिन्दाको प्रमुख आम्दानीको स्रोत मानिन्छ । चुमनुब्रीको वडा नं ३ र धार्चे गाउँपालिकाको वडा नं ३ का लेकमा पनि यार्सागुम्बा पाइन्छ ।

छेकम्पारका बासिन्दा यार्सागुम्बा टिप्न वैशाखको पहिलो सातादेखि नै लेकतिर जान थालेका निवर्तमान वडाध्यक्ष पासाङ फुञ्जो लामा बताउँछन् । 'स्थानीय जान त गएका छन्, तर लेकमा अझै हिउँ जमिरहेको छ', उनले भने, 'यो वर्ष हिउँ ढिला पऱ्यो, लेक गएका पनि हिउँ पन्छ्याउँदै होलान् ।' वैशाख लागेपछि लेक गएकाहरू असारतिर मात्र फर्कने गर्छन् । स्थानीय बासिन्दाले करिब दुई-अढाइ महिनालाई पुग्ने गरी याक-चौंरीलाई रासनपानी तथा लत्ताकपडा बोकेर लैजान्छन् ।

यार्साको मोसम सुरु भएपछि अधिकांशले घरमा ढोका लगाएर जहान परिवार, घरपालुवा पशुचौपाया सबै लेकमै लिएर जान्छन् । 'लेकमा अस्थायी क्याम्प बनाउँछन्, बालबच्चा पनि लेकमै लान्छन्, याक, चौंरी पनि लेकमै लान्छन्', लामा पासाङ भन्छन्, 'कसै-कसैका घरमा हिँड्न नसक्ने बुढाबुढी छन् भने रोङ्बा (तल्लो भेगका मान्छे) लाई घर कुरुवा राखेर आफू सबै लेकमै जान्छन् ।'

यहाँका बासिन्दाको मुख्य आयस्रोत यार्सागुम्बाबाट हुने कमाइ हो । उनीहरूले यार्सागुम्बा बेचेर रु दुई लाखदेखि चार लाखसम्म कमाउने गर्दछन् । 'अचेल लेकमा किरा पाउनै छोड्यो, दिनभरि खोज्दा एउटा, दुईटा मात्र पाइन्छ', छिरिङ फुञ्जो भन्छन्, 'अब केही वर्षपछि त त्यही पनि पाउन छोड्छ होला ।' यार्सागुम्बा संकलनका लागि प्रत्येक घरले स्थानीयस्तरको समितिलाई रु ५०० र पालिकाका लागि रु ५०० तिर्नुपर्ने व्यवस्था छ ।

साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तिय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ